# उच्च माध्यमिक तह कक्षा ११ को शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन

त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग
स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षको नेपा. शि. (५९८) को
प्रयोजनार्थ प्रस्तुत
शोधपत्र


शोधार्थी
धन बहादुर पुलामी
विश्व विद्यालय क्याम्पस, त्रि. वि. कीर्तिपुर
त्रि. वि. दर्ता नं. ६-१-२२५-२७-२०००
दोस्रो वर्ष परीक्षा सि. नं. २८१३२७

२०६८

**त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र सङ्काय**
**नेपाली भाषा शिक्षा विभाग,**

**कीर्तिपुर**

## निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागका छात्र धन बहादुर पुलामीले **उच्च माध्यमिक तह कक्षा ११ को शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारित सम्बन्धी अध्ययन** शीर्षकको शोध मेरो निर्देशनमा तयार पार्नु भएको हो । परिश्रम पूर्वक तयार पार्नु भएको यस शोधकार्यप्रति म पूर्ण रूपमा सन्तुष्ट रहेको छु र आवश्यक मूल्याङ्कनका लागि विभाग समक्ष सिफारिस गर्दछु ।

..................................

प्रा. महेश्वर न्यौपाने

शोध निर्देशक

शिक्षा शास्त्र संङ्काय

त्रि. वि., कीर्तिपुर

**त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र सङ्काय**

**नेपाली भाषा शिक्षा विभाग,**

**कीर्तिपुर**

## स्वीकृति - पत्र

यस विभागका छात्र धन बहादुर पुलामीले तयार पार्नु भएको **उच्च माध्यमिक तह कक्षा ११ को शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन** शीर्षकको शोधपत्र नेपाली शिक्षा विषयमा स्नातकोत्तर उपाधिकालागि उचित ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

| नाम | हस्ताक्षर |
|---|---|
| १. ................................... | |
| २. ................................... | |
| ३. ................................... | |
| ४. ................................... | |
| ५. ................................... | |

मिति : २०६८/    /

## कृतज्ञताज्ञापन

शोधकार्य आफैमा जटिल एवम् चुनौतीपूर्ण कार्य हो यद्यपि श्रद्धेय गुरुहरूको सल्लाह, सुझाव र निर्देशनमा उक्त कार्य सहज भएको हो । **उच्च माध्यमिक तह कक्षा ११ मा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन** शीर्षकको प्रस्तुत शोधकार्यको जस मलाई प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग गर्नु हुने श्रद्धेय गुरुवर्गलाई नै दिन चाहन्छु । यस शोधकार्यलाई यहाँसम्म ल्याइपुऱ्याउन शोध निर्देशकको गहन जिम्मेवारी वहन गरी प्रत्यक्ष रूपमा सल्लाह, सुझाव अनि मार्गनिर्देश गर्नुहुने प्रा. महेश्वर न्यौपाने प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधकार्य थालनी गर्नु पूर्व शोधकार्यका विषयमा सुझाव दिनु हुने र शोधकार्यका तौर तरिकाका सम्बन्धमा ज्ञान दिनु हुने आदरणीय गुरुहरू प्रा. डा. पारसणि भण्डारी, प्रा. डा. हेमाङ्गराज अधिकारी, प्रा. डा. रामचन्द्र लम्साल, प्रा. भोजराज ढुङ्गेल, सहप्रा. डा. यादवप्रकाश लामिछाने ज्यू तथा नेपाली भाषा शिक्षा विभागमा कार्यरत अन्य गुरुहरूप्रति पनि म हार्दिक आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधकार्यलाई सफलतापूर्वक सम्पन्न गर्न हौसला दिनु हुने मेरा हितैषी मित्रहरू ईश्वर दाहाल, पुष्प पोखेल, सुमन नेपाल, तिलक आले, अश्मिन थापा, कुलप्रसाद, लोकमणि पराजुली, विनोद कार्की प्रति हार्दिक धन्यवाद दिन चाहन्छु । अध्ययनका क्रममा मलाई उत्साह दिने मेरी जीवन संगिनी राधा, छोरी प्रतिभा, दिदी रमालाई पनि धन्यावद दिन चाहान्छु । मलाई यहाँसम्म ल्याउनुहुने बुबा सन्त बहादुर पुलामी र आमा विष्णुमाया पुलामीप्रति म सदैव ऋणी रहने छु ।

अन्तमा शोधपत्रलाई पूर्णता दिन सहयोग गर्नुहुने सम्पूर्ण शिक्षकहरू र युनिभर्सल कम्प्युटर सर्भिसका भाइ सुमन अधिकारीलाई धेरै धेरै धन्यवाद दिन चाहान्छु ।

धन बहादुर पुलामी

शोधार्थी

मिति : २०६८/ /

# सङ्क्षिप्त सङ्केत

| | | |
|---|---|---|
| क्र. सं. | : | क्रम संङ्ख्या |
| प्रा. | : | प्राध्यापक |
| डा. | : | डाक्टर |
| त्रि. वि. | : | त्रिभुवन विश्व विद्यालय |
| मा. वि. | : | माध्यमिक विद्यालय |
| नि. मा. वि. | : | निम्न माध्यमिक विद्यालय |
| जि. शि. अ. | : | जिल्ला शिक्षा अधिकारी |
| ने. बृ. श. | : | नेपली बृहत शब्दकोश |

# शोध सार

**शोधशीर्षक** : उच्च माध्यमिक तह कक्षा ११ को शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारीता सम्बन्धी अध्ययन ।

**शोधार्थी** : धन बहादुर पुलामी

**शोध निर्देशक** : प्रा. महेश्वर न्यौपाने

**विभाग/क्याम्पस** : नेपाली भाषा शिक्षा विभाग, विश्व विद्यालय क्याम्पस, कीर्तिपुर

**शैक्षिक वर्ष** : २०६४-०६६

**अध्याय** : छ

## शोध प्रक्रिया

प्रस्तुत शोधपत्र नेपाली शिक्षा ५९८ पाठ्यांशको प्रयोजनको लागि गरिएको हो । शोधकार्य स्नातकोत्तर उपाधिकालागि मात्र नभई भाषा पाठ्यक्रमका अध्येता, निर्माता एवम् विद्यालय शिक्षा सम्बद्ध शिक्षक, निरीक्षक, प्र. अ., व्यवस्थापक तथा प्रशासकलाई समेत विशेष उपयोगी हुने विश्वास लिइएको छ ।

सर्वेक्षण विधिका आधारमा तयार गरिएको यस अध्ययनले पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाबिचको सम्बन्ध तथा पाठ्यक्रमद्वारा निर्धारित उद्देश्य पुरा गर्न निर्देशिकाको भूमिका र प्रयोगको अवस्थालाई पहिल्याउने मुख्य उद्देश्यमा प्रस्तुत अध्ययन केन्द्रित रहेको छ । अध्ययनको क्रममा सप्तरी र काठमाडौँका ५-५ वटा उच्च माध्यमिक विद्यालयहरू र प्रत्येक विद्यालयका १/१ जना नेपाली शिक्षकहरूलाई नमुना शिक्षकको रूपमा लिइएको छ । प्रश्नावली मार्फत तथ्याङ्क सङ्कलन गरी उक्त तथ्याङ्कहरूलाई प्रतिशतमा जनाइएको छ । आवश्यकता अनुसार पुस्तकालयीय विधिको समेत प्रयोग गरी निष्कर्ष दिइएको छ ।

## शोध निष्कर्ष

- शिक्षक निर्देशिकाले पाठ्यक्रमको उद्देश्य पुरा गर्न सहयोग गरेको छ ।
- निर्देशिकाले योजनाबद्ध, शिक्षणमा सघाउ पुऱ्याएको छ ।
- तुलनात्मक रूपमा सप्तरी जिल्लामा भन्दा काठमाडौँ जिललामा निर्देशिका बढी प्रयोग गरिन्छ ।
- विद्यालय निरीक्षण, प्रशासन तथा व्यवस्थापनले समेत निर्देशिका प्रयोगमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ ।
- तालिम प्राप्त, अनुभवि शिक्षकहरूको वेवास्ता नै निर्देशिका प्रयोग नहुनुका प्रमुख कारणहरू हुन् ।

# विषय सूची


| | पृष्ठ संख्या |
|---|---|
| **अध्याय एक : परिचय** | ज्ञ(ज्ञज्ञ |
| १.१ पृष्ठभूमि | ज्ञ |
| १.२ शीर्षक | द्द |
| १.३ समस्या कथन | द्द |
| १.४ उद्देश्य | घ |
| १.५ पूर्वकार्यको समीक्षा | घ |
| १.६ अध्ययनको औचित्य | ठ |
| १.७ अध्ययनका सीमाहरू | ठ |
| १.८ शोधविधि | ठ |
| १.८.१ जनसंख्या र प्रतिनिधि नमुना छनोट | ठ |
| १.८.२ सामग्री निर्माण र निर्मित सामग्रीको मानकीकरण | ज्ञण |
| १.८.३ तथ्याङ्क संकलन | ज्ञण |
| १.८.४ तालिकीकरण, व्याख्या र विश्लेषण | ज्ञण |
| १.९ अध्ययनको रूपरेखा | ज्ञज्ञ |
| **अध्याय दुई : सैद्धान्तिक अवधारणा** | ज्ञद्द(द्दज्ञ |
| २.१ भाषा पाठ्यक्रम | ज्ञद्द |
| २.२ भाषा पाठ्य पुस्तक | ज्ञघ |
| २.३ शिक्षक निर्देशिकाको पचिय | ज्ञछ |
| २.४ भाषा पाठ्यक्रम, भाषा पाठ्य पुस्तक र शिक्षक निर्देशिकाबिचको अन्तर सम्वन्ध | ज्ञठ |
| २.४.१ भाषा पाठ्यक्रम र भाषा पाठ्य पुस्तक | ज्ञठ |
| २.४.२ भाषा पाठ्यक्रम र शिक्षक निर्देशिका | ज्ञढ |
| २.४.३ भाषा पाठ्य पुस्तक र शिक्षक निर्देशिका | द्दण |
| **अध्याय तिन : उच्च माध्यमिक तहमा शिक्षक निर्देशिका** | द्दद्द(द्दछ |

३.१ परिचय द्द

३.२ उच्च माध्यमिक तहमा शिक्षक निर्देशिकाको मान्यता द्घ

३.३ उच्च माध्यमिक तहमा शिक्षक निर्देशिकाको उपयोगिता द्ध

**अध्याय चार : तथ्याङ्क विश्लेषण, पाठ्यक्रम, पाठ्य पुस्तक अनुरूप शिक्षक निर्देशिकाको विश्लेषण** द्ट(घद्ध

४.१ पृष्ठभूमि द्ट

४.२ परिचय द्ट

४.३ पाठ्यक्रम अनुरूप शिक्षक निर्देशिकाको विश्लेषण घघ

**अध्याय पाँचः शिक्षक प्रश्नावली मार्फत प्राप्त तथ्यको व्याख्या र विश्लेषण** घछ(द्धण

**अध्याय छ : उपसंहार** द्धज्ञ(द्धद्ध

६.१ निष्कर्ष द्धज्ञ

६.२ सबल पक्षहरू द्धद्द

६.३ दुर्वल पक्षहरू द्धघ

६.४ सुझावहरू द्धघ

६.५ भावी अध्ययनका लागि सम्भावित शीर्षकहरू द्धद्ध

**सन्दर्भ सूची**

**परिशिष्ट-१**

# अध्याय एक
# परिचय

## १.१ पृष्ठभूमि

भाषा शिक्षण विषय वस्तुको शिक्षण नभई भाषिक सिपहरूको शिक्षण हो । जहाँ विषय वस्तु साधनको रूपमा रहन्छ भने भाषिक सिपहरू सुनाइ, बोलाइ पढाइ र लेखाइ साध्यका रूपमा हुन्छन् । कयौँ विद्यालय तथा उच्च मा. वि हरूमा विषय वस्तुलाई नै साध्यका रूपमालिइ विषय वस्तु कण्ठ गर्ने कार्य भइरहेको पाइन्छ जो हाम्रो लागि दुःखद पक्ष पनि हो । भाषिक सिपलाई साध्यको रूपमा लिई भाषा पाठ्यक्रमले अपेक्षा गरेका भाषिक सिपहरूको विकास गराउन विभिन्न सामग्रीहरू जस्तै भाषा पाठ्यक्रम, भाषा पाठ्य पुस्तक, शिक्षक निर्देशिका आदिको विकास निर्माण गरिन्छ  यद्यपि तिनको मर्मानुसार सिकाइ नभई रटाइ, घोकाइमा जोड दिइनुले भाषिक सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइको विकास हुन सकि रहेको छैन ।

विधागत विविधता भाषा पाठ्य पुस्तकको पूर्व सर्त हो भने विद्यार्थीका वैयक्तिक विविधताहरूको बिचमा भाषा शिक्षणमा रुचिपूर्णता हुनु आवश्यक छ । यसका लागि शिक्षण विधिमा विविधता र शिक्षण सामग्रीहरूको उचित उपयोग पनि उत्तिकै महत्त्वको हुन्छ । ती सबै पक्षहरूलाई समेटेर रुचिपूर्ण भाषा शिक्षणका लागि शिक्षक निर्देशिका हरेक भाषा शिक्षकका लागि असल मित्रको रूपमा रहेको हुन्छ । त्यस कारण राष्ट्रको लगानी भाषा पाठ्यक्रमको अपेक्षा पुरा गर्नका लागि भाषा पाठ्यक्रम अनुरूप भाषा पाठ्य पुस्तकको निर्माण तथा विकास गरिनु पर्छ भने भाषा पाठ्यक्रमको अपेक्षा र भाषा पाठ्य पुस्तकको मर्मानुसार शिक्षक निर्देशिकाको निर्माण र ती सम्पूर्ण सामग्रीको अपेक्षा विद्यार्थीका विकासात्मक अवस्थालाई बुझेर उचित सिप र विधिका साथ भाषा शिक्षण गर्न सकिए मात्र उचित समयमा अपेक्षित भाषिक सिपहरूको विकास गराउन सकिन्छ ।

शिक्षण, विद्यार्थी र विषय वस्तुबिचको अन्तर क्रिया हो, जुन योजनाबद्ध संगठित र सिलसिलाबद्ध हुन्छ । त्यसैले  भाषा शिक्षणका तिनै पक्षहरूलाई समेटेर योजनाबद्ध, प्रभावकारी भाषा शिक्षणमा शिक्षक निर्देशिकाको अहम् भूमिका हुन्छ । साथै भाषा शिक्षणलाई व्यावहारिक,

सिपमूलक र प्रयोजनपरक बनाउनकै लागि शिक्षक निर्देशिका तयार गरिएको पाइन्छ । उक्त शिक्षक निर्देशिका हरेक शिक्षकका लागि जस्तैः नवप्रवेशी अनुभवी, दक्ष, विशेषज्ञ सबैलाई आवश्यक र सहयोगी हुन्छ । त्यस्तै पाठ्य पुस्तकमा समावेश गरिएका हरेक विधा उपविधाहरूलाई रुचिपूर्ण ढङ्गले विद्यार्थीहरूमाझ पस्कने गतिलो औजारको रूपमा पनि शिक्षक निर्देशिकालाई लिन सकिन्छ । शिक्षकलाई भाषा शिक्षणार्थ योजना निर्माण गर्न, शिक्षण विधि, सामग्रीको छनोट गर्न तथा भाषिक मूल्याङ्कनका साधनहरूको छनोट र उचित प्रयोगको लागि पनि शिक्षक निर्देशिका उपयोगी मानिन्छ । यति हुँदाहुँदै पनि भौगोलिक विकटता, आर्थिक विपन्नता, शिक्षकहरूको अनबिज्ञता र बेवास्ताको कारणले हाम्रा धेरै जसो विद्यालयहरूमा शिक्षक निर्देशिकाबिना नै केबल पाठ्य पुस्तकलाई नै सम्पूर्ण अध्ययन अध्यापनको आधार बनाइएको पाइन्छ जुन हाम्रा लागि दुर्भाग्य नै हो ।

प्रस्तुत शोधपत्रले केही हदसम्म भए पनि तिनै दुर्भाग्यहरूलाई सौभाग्योन्मुख बनाउने विश्वास गरिन्छ । वर्तमान उच्च मा. वि. हरूमा नेपाली भाषाको अध्यापनमा प्रयोग भएका शिक्षण विधि, सामग्री, मूल्याङ्कनका साधनहरूको वस्तुस्थितिको अध्ययन तथा शिक्षक निर्देशिकाको प्रयोग प्रभावकारितालाई प्राथमिकताका साथ अध्ययन गरिन्छ ।

## १.२ शीर्षक

यस अध्ययनको शीर्षक उच्च माध्यमिक तह कक्षा ११ को शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन रहेको छ ।

## १.३ समस्या कथन

प्रस्तुत शोधपत्र उच्च माध्यमिक तहमा नेपाली भाषा शिक्षण गर्दा पाठ्यक्रमको अपेक्षा र पाठ्य विषयको उद्देश्य अनुसार शिक्षण विधि, सामग्री, मूल्याङ्कनका साधन त्यस्तै विद्यार्थी सहभागिताको अवस्था र आवश्यकता पहिल्याउन केन्द्रित रहेको छ । त्यसै गरी उक्त पक्षहरूको उचित छनोट र प्रयोग प्रभावकारितामा शिक्षक निर्देशिकाको स्थानको अध्ययन गरिएको छ । त्यस कारण प्रस्तुत शोधपत्रमा देहाय बमोजिम समस्याहरूमा केन्द्रित भई अध्ययन गरिएको छ ।

क) पाठ्यक्रम, पाठ्य पुस्तक र शिक्षक निर्देशिका बिच कस्तो सम्बन्ध रहेको छ ?

ख) उच्च मा. वि. हरूमा शिक्षक निर्देशिकाको मर्मानुसार शिक्षण गरिएको छ ?

ग) उच्च मा. वि हरूमा शिक्षण गर्ने शिक्षकहरूको सहयोगी मित्रको रूपमा शिक्षक निर्देशिकाहरू उपयोगमा आएका छन् ?

घ) उपयुक्त तरिकाले शिक्षक निर्देशिकाको उपयोगमा देखा पर्ने बाधाहरू के-के छन् ?

ङ) उपर्युल्लिखित समस्याहरू समाधानका लागि के-कस्ता रचनात्मक सुझावहरू दिन सकिन्छ ?

## १.४ उद्देश्य

प्रस्तुत शोधकार्यका निम्न उद्देश्यहरू रहेका छन् :

क) भाषा पाठ्यक्रम, पाठ्य पुस्तक र शिक्षक निर्देशिकाबिच सम्बन्धको पहिचान गर्नु,

ख) उच्च मा. वि हरूमा नेपाली भाषा शिक्षणमा शिक्षक निर्देशिकाको प्रयोगको अवस्था पहिल्याउनु,

ग) पाठ्यक्रम, पाठ्य पुस्तक अनुरूप शिक्षक निर्देशिकाको व्याख्या विश्लेषण गर्नु,

घ) प्रश्नावली छलफलबाट प्राप्त तथ्यको आधारमा शिक्षक निर्देशिका प्रयोगका फाइदा, बेफाइदाको विश्लेषण गर्नु,

## १.५ पूर्वकार्यको समीक्षा

कुनै पनि शोध वा अनुसन्धानका लागि सो क्षेत्रसँग सम्बन्धित भए गरेका पूर्व कार्यहरूको खोजविन हरेक अनुसन्धाताका लागि आवश्यक हुन्छ । उक्त खोजी कार्यले अनुसन्धातालाई आफ्नो अनुसन्धान कार्य अघि बढाउन सजिलो हुन्छ भने अनुसन्धेय विषयको ज्ञान पनि बढ्छ । पूर्वकार्यको अध्ययनले अनुसन्धानका लागि विभिन्न विधि , प्रविधि, सिद्धान्तको जानकारी बढ्छ त्यसैले कुनै पनि शोधकार्य गर्नका लागि पूर्वकार्यको समीक्षा अपरिहार्य हुन्छ ।

प्रस्तुत शोधकार्यसंग समबन्धित पहिले भए गरेका अध्ययन अनुसन्धानहरूलाई देहाय बमोजिम उल्लेख गरिन्छ । निमानन्द भुसालले (२०५९) सालमा नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर अन्तर्गत रही **अर्घाखाँचीमा माध्यमिक विद्यालय तह नेपाली शिक्षणमा शिक्षण सामग्री**

**प्रयोगको वर्तमान स्थिति** शीर्षकमा शोध तयार गरेको देखिन्छ । भुसालको उक्त शोध निम्न उद्देश्यमा केन्द्रित रहेको देखिन्छ

१. नेपाली भाषा शिक्षणमा प्रयोग हुन सक्ने शिक्षण सामग्रीहरूको चर्चा गर्नु,

२. पाठ्य पुस्तकमा समाविष्ट चित्रहरूको सामान्य चर्चा गर्नु,

३. माध्यमिक तहको शिक्षक निर्देशिकामा निर्दिष्ट शैक्षिक सामग्रीहरूको चर्चा गर्नु,

४. नेपाली भाषा शिक्षण सम्बन्धी समस्या तथा तिनका समाधानका उपायहरू पत्ता लगाउनु रहेका छन् ।

उक्त शोधमा भुसालले विविध कारणले शिक्षक निर्देशिका विद्यालयमा पुग्न नसकी शिक्षणमा जटिलता उत्पन्न भएको, शिक्षक निर्देशिकाको सहयोगले भाषा शिक्षण विधिमा विविधता, सामग्री प्रयोगमा विविधता ल्याई भाषा शिक्षण रुचिपूर्ण बनाउन सकिने कुरा उल्लेख गरेका छन् । उक्त शोधमा प्रशासनिक कमजोरी, सम्बन्धित निकायको बेवास्ता, विषय शिक्षकको गहन अध्ययन जस्ता पक्षमा सुधार ल्याउनु पर्ने कुरा उल्लेख गरेका छन् ।

रामजी आचार्यले (२०६३) सालमा नेपाली भाषा शिक्षा विभाग कीर्तिपुर अन्तर्गत रही **माध्यमिक तहमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन** शीर्षकमा शोध तयार गरेको पाइन्छ । यसका उद्देश्यहरू

१. माध्यमिक तहको निर्देशिकालाई पाठ्यक्रम र पाठ्य पुस्तकको उद्देश्यसंग तुलना गर्नु,

२. पाठ्यक्रम, पाठ्य पुस्तक र शिक्षक निर्देशिका बिचको अन्तर सम्बन्ध पहिल्याउनु,

३. पाठ्यक्रम, पाठ्य पुस्तक अनुरूप निर्देशिकाको विश्लेषण गर्नु,

४ मा. वि. तहमा नेपाली शिक्षण गर्दा शिक्षक निर्देशिका प्रयोगको स्थिति पहिल्याउनु,

५. शिक्षक निर्देशिका प्रयोगका सवल र दुर्वल पक्षहरू पहिल्याउनु,

६. शिक्षक निर्देशिकाको सुधारका लागि सुझाव दिनु रहेका छन् ।

उक्त शोधकार्यमा आचार्यले नमुनाका रूपमा कास्की र काठमाडौँ जिल्लाका सरकारी १५ वटा र निजी १५ वटा गरी ३० वटा विद्यालयका नेपाली विषयका

शिक्षकहरू छनोट गरी तथ्याङ्क संकलन गरेको देखिन्छ । त्यस्तै सम्बन्धित जिल्लाका जि. शि. अ. र शिक्षाविद्हरूको सुझाब समेत संकलन गरिएको छ । नमुना सर्वेक्षण विधिमा आधारित उक्त शोधकार्यमा निजि तथा सरकारी विद्यालयका नेपाली विषय शिक्षकहरूमा शिक्षक निर्देशिकाप्रतिको मान्यता तथा प्रयोगको स्थितिमा समेत भिन्नताको अध्ययन गरिएको पाइन्छ । साथै आचार्यले पाठ्य पुस्तक परिवर्तन हुँदा पनि शिक्षक निर्देशिका परिमार्जन नहुनु, नेपाली विषयको दैनिक पाठ्यभार अधिक हुने हुँदा निर्देशिका अनुसार शिक्षण गर्न कठिनाइ हुने जस्ता समस्या औंल्याएका छन् । साथै विद्यार्थीको वैयक्तिक विविधता, भिन्न रुचि, योग्यता र क्षमतालाई शिक्षक निर्देशिकाले सम्बोधन गर्न नसक्नु जस्ता समस्या उल्लेख गरेका छन् । उक्त समस्याहरूको समाधान गरी शिक्षक निर्देशिकालाई समय सान्दर्भिक बनाइनु पर्ने सुझाब समेत उल्लेख गरिएको देखिन्छ ।

केशवती अधिकारीले (२०६४) सालमा नेपाली भाषा शिक्षा विभाग कीर्तिपुर अन्तर्गत रही **निम्न माध्यमिक तह कक्षा ८ को शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन** शीर्षक शोधपत्र तयार गरेको देखिन्छ । अधिकारीले निम्न उद्देश्यमा केन्द्रित भई आफ्नो शोधपत्र तयार गरेकी छिन् ।

१. पाठ्यक्रम र पाठ्य पुस्तकको सन्दर्भमा शिक्षक निर्देशिकाको परिचय दिनु,

२. नि. मा. वि. तह कक्षा ८ को निर्देशिकालाई पाठ्य पुस्तक र पाठ्यक्रमको उद्देश्यसँग तुलना गर्नु,

३. पाठ्यक्रम, पाठ्य पुस्तक र शिक्षक निर्देशिकाबिचको अन्तर सम्बन्ध पहिल्याउनु,

४. पाठ्यक्रम, पाठ्य पुस्तक अनुरूप निर्देशिकाको विश्लेषण गर्नु,

५. नि. मा. वि. तह कक्षा ८ मा शिक्षक निर्देशिका प्रयोगको स्थिति पहिल्याई सुझाब दिनु,

६. शिक्षक निर्देशिका प्रयोगमा देखिएका सबल र दुर्वल पक्षहरू पहिल्याउनु ।

सर्वेक्षण विधिद्वारा सम्पन्न गरिएको उक्त शोधकार्यमा अधिकारीले निजी, सरकारी र संस्कृत गरी ७ वटा विद्यालयका तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको कक्षा अवलोकन तथा स्याङ्जा र पाल्पा जिल्लाका २० वटा विद्यालयका नेपाली विषयका शिक्षकहरूसँग

प्रश्नावली गरी तथ्याङ्क सङकलन गरेकी छिन् भने अधिकारीले कक्षा ८ को निर्देशिका विमातृभाषी विद्यार्थीकालागि कस्तो विधि वा सामग्रीको छनोट गर्ने भन्ने कुरा उल्लेख नगर्नु निर्देशिकाको दुर्वल पक्षको रूपमा उल्लेख गरेकी छिन् ।

रमन कुमार गौतमले (२०६४) सालमा नेपाली भाषा शिक्षा विभाग कीर्तिपुर अन्तर्गत रही **प्राथमिक तह कक्षा ५ मा शिक्षक निर्देशिकाको प्रयोग र प्रभाकारिता सम्बन्धी अध्ययन** गरेको पाइन्छ । उक्त शोधकार्य गौतमले निम्न उद्देश्यहरूमा केन्द्रित भई सम्पन्न गरेको देखिन्छ । जो यस प्रकार उल्लेख गरिन्छ ।

१. प्राथमिक तह कक्षा ५ मा शिक्षक निर्देशिकालाई पाठ्य पुस्तक र पाठ्यक्रमको उद्देश्यसँग तुलना गर्नु,

२. प्राथमिक तह कक्षा ५ मा नेपाली शिक्षण गर्दा शिक्षक निर्देशिकाको प्रयोगको स्थिति पहिल्याउनु,

३. शिक्षक निर्देशिका प्रयोग गर्दा उत्पन्न भएका सबल दुर्बल पक्ष पहिल्याउनु,

४. पाठ्यक्रम, पाठ्य पुस्तक अनुरूप शिक्षक निर्देशिकाको विश्लेषण गर्नु,

५. निर्देशिका प्रयोगार्थ सुझाव दिनु, सर्वेक्षण विधिद्वारा सम्पन्न गरिएको उक्त शोधपत्रमा गौतमले निर्देशिकाको महत्त्व र प्रभावकारितालाई प्रष्ट पारिएको छ । प्रभावकारि नेपाली भाषा शिक्षणका लागि निर्देशिका अपरिहार्य नै भए पनि समय अभाव, तालिमको व्यवस्था नहुनु, समयानुकुल निर्देशिका परिमार्जन नहुनुले समस्या उत्पन्न हुने कुरा उल्लेख गरेका छन् । भौगोलिक विकटता र आर्थिक विपन्ताले गर्दा समयमै निर्देशिका विद्यालयमा नपुग्नु अर्को समस्या भएको उल्लेख गरिएको छ ।

रोमराज नेपालले (२०६६) सालमा नेपाली भाषा शिक्षा विभाग कीर्तिपुर अन्तर्गत रही **उच्च माध्यमिक तहमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिताको अध्ययन** शीर्षकमा शोधपत्र तयार गरेका छन् । नेपालले उक्त शोधपत्र निम्न उद्देश्यमा केन्द्रित भई सम्पन्न गरेको पाइन्छ ।

१.पाठ्यक्रम, पाठ्य पुस्तक र शिक्षक निर्देशिकाबिचका सम्बन्धको पहिचान गर्नु,

२. उच्च माध्यमिक तहमा नेपाली शिक्षण शिक्षक निर्देशिकाको मान्यता तथा उपयोगिता पहिल्याउनु,

३. पाठ्यक्रम, पाठ्य पुस्तक अनुरूप शिक्षक निर्देशिकाको विश्लेषण गर्नु,

४. प्रश्नावली, कक्षा अवलोकनबाट प्राप्त तथ्यका आधारमा शिक्षक विर्देशिको विश्लेषण गर्नु,

५. शिक्षक निर्देशिका प्रयोगको सवल-दुर्वल पक्ष पत्ता लगाउनु,

६. काठिनाइको निराकरणकालागि सुधारात्मक सुझाव दिनु ।

उक्त शोधपत्रमा नेपालले सर्वेक्षण विधिद्वारा आफ्नो शोधकार्य सम्पन्न गरेका छन् भने उच्च माध्यमिक तहको अनिवार्य नेपाली विषयको शिक्षक निर्देशिकामा आफ्नो अध्ययनलाई सीमाङ्कन गरेका छन् । उनले मोरङ् र काठमाडौँ जिल्लाका केही उच्च मा. वि. हरू नमुनाका रूपमा छनोट गरी शोध सम्पन्न गरेका छन् । प्रश्नावली, मौखिक अन्तर्वार्ता, र प्रत्यक्ष कक्षा अवलोकनबाट तथ्याङ्क संकलन गरेका छन् । यसमा उच्च माध्यमिक तहको निर्देशिका प्रकाशनमा ढिलाइ र शिक्षककहरूको अनभिज्ञताले निर्देशिकाको प्रयोगमा कठिनाइ औल्याइएको छ ।

## १.६ अध्ययनको औचित्य

शिक्षक निर्देशिकाको प्रयोग र प्रभाकारिताका सम्बन्धमा भए गरेका शोधकार्यहरू अनिवार्य विषयमा मात्र केन्द्रित रहेको तर नेपाली भाषा र साहित्य उन्मुख ऐच्छिक नेपाली विषयमा कसैले चासो नदेखाएका र उच्च माध्यमिक तह कक्षा ११ को ऐच्छिक नेपाली विषयको शिक्षक निर्देशिकाको प्रयोग प्रभावकारिताका सम्बन्धमा हालसम्म कुनै शोधकार्य नभएकाले यस अध्यन औचित्यपूर्ण हुने ठहर अध्येताको रहेको छ ।

भाषा शिक्षण विषय वस्तुहरूको नभई भाषिक सिप र कलाको शिक्षण हो । कुनै पनि कला वा सिप सिक्नु र सिकाउनु एक प्राविधिक कार्य हो, त्यसैले भाषा विषयका शिक्षककहरूमा विभिन्न शैक्षणिक ज्ञान तथा कला कौशल हुन आवश्यक हुन्छ भने ती शैक्षणिक कला कौशलहरूको अभिवृद्धिमा शिक्षक निर्देशिकाको उपयोग गरी भाषिक सिपहरूको विकास गर्न भाषा सम्बद्ध अध्येता, शिक्षक, प्रशासक सवैलाई सहयोग गर्ने प्रयासको रूपमा यस

शोधलाई लिइएको छ । भाषा शिक्षणमा भाषिक सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई मूल साध्यको रूपमा लिइन्छ र उक्त भाषिक सिपहरू एकपछि अर्को गरी क्रमशः अन्तर समबन्धित हुन्छन् र उक्त अन्तर समबन्धित सिपहरूको सिकाइकालागि शिक्षकमा उचित योग्यता, दक्षता, अनुभव तथा तालिम र कला कौशलको आवश्यकता पर्दछ तर हाम्रो जस्तो विकासशील देशमा सवै शिक्षकमा उक्त ज्ञान, सिप र दक्षताको अपेक्षा गर्न सकिदैन भने अर्कोतर्फ कतिपय विद्यालयहरूमा अन्य विषयकै शिक्षकहरूबाट नेपाली विषय शिक्षण गरि रहेको अवस्था पनि छ । त्यसैले ती सवै सन्दर्भमा नेपाली भाषा शिक्षण तथा अध्ययनमा सम्बद्ध व्यक्ति तथा निकायहरूका लागि प्रस्तुत शोध गतिलो सहयोग साबित हुने अपेक्षा शोधार्थीको रहेको छ । भाषा शिक्षण योजनावद्ध, रुचिपूर्ण र प्रभावकारी भए मात्र निर्धारित समयमा अपेक्षित भाषिक सिपहरूको विकास गराउन सकिन्छ तर भाषा शिक्षणमा उक्त उपलब्धिहरू निर्धारित समयमा प्राप्त नभएमा राष्ट्रको लगानी शिक्षक विद्यार्थीको मिहिनेत, अभिभावकको अपेक्षा नै धरापमा पर्दछ । त्यसैले समयमै सवैको लगानी र मिहिनेत खेर जान नदिन शिक्षकले कडा मिहिनेत र जिम्मेवारी बोधका साथ आफ्नो पेसा र कार्यमा दत्तचित्त भई कार्य कुशलताका साथ लाग्नु पर्ने देखिन्छ । राष्ट्र र समाजको जिम्मेवारी काँधमा बोकेर हिड्ने शिक्षक सदा अध्ययनशील हुनु जरुरी हुन्छ र त्यही अध्ययन र लगनशीलताले शिक्षकको कार्य कुशलतामा बढोत्तरी ल्याउँदछ भने शिक्षकको अनिवार्य तथा अभिन्न अध्ययनीय सामग्री शिक्षक निर्देशिका पनि एक हो र त्यही निर्देशिकाको गहन अध्ययन र प्रयोग प्रभावकारितामा केन्द्रित प्रस्तुत शोधकार्य नेपाली भाषा शिक्षणको क्षेत्रमा महत्त्वपूर्ण कार्य हुने ठानिन्छ । शिक्षक निर्देशिका शिक्षणलई सुव्यवस्थित, रुचिपूर्ण र प्रभावकारी बनाउनका लागि, विद्यार्थीको पूर्व ज्ञान सिप र अभिवृद्धिलाई बढोत्तरी दिन विद्यार्थीको मनोविज्ञानमा आधारित शिक्षण गरी उच्च शैक्षिक निर्देशिका समसामयिक छ ? वास्तविक रूपमा शिक्षकलाई सहयोग गर्ने खालको छ ? निर्देशिका समयमै उपलब्ध हुन्छ ? उपलब्ध निर्देशिकालाई प्रभावकारी रूपमा प्रयोग गरिन्छ ? अथवा निर्देशिकाको विषयमा विषय शिक्षकहरू नै अनभिज्ञ छन् श्र यिनै मूलभूत पक्षहरूमा केन्द्रित भई गरिने यस शोधकार्यले सम्बद्ध भाषा शिक्षक, अध्येता, विशेषज्ञ सवैलाई महत्त्वपूर्ण सामग्री हुने भएकाले यस अध्ययनलाई औचित्यपूर्ण ठानिएको छ ।

## १.७ अध्ययनका सीमाहरू

शोधकार्यलाई विशिष्टता प्रदान गर्नकालागि शोधकार्यको सीमा निर्धारण गर्नु आवश्यक हुन्छ । निश्चित सीमा निर्धारण गरी गरिएको शोधकार्यले मात्र निर्धारित औचित्य अनुसार शोधकार्यको उद्देश्य पुरा गर्न सक्दछ । त्यसमा पनि शोधकार्य त  आफैँमा गहन, जटिल र विशिष्ट कार्य भएकाले निश्चित सीमामा बाँधिएर अनुसन्धान गरिनु आवश्यक हुन्छ । यदि शोधकार्यको सीमा निधारण गरिएन भने शोध अन्योलमा पर्न सक्छ र शोध पूर्ण नहुन सक्छ त्यसैले शोधकार्यमा सीमा निर्धारण गरिनु नितान्त आवश्यक हुन्छ । अतः प्रस्तुत शोधकार्यका निम्न सीमाहरू रहेका छन् ।

क) यो अध्ययन उच्च माध्यमिक तहको कक्षा ११ को ऐच्छिक नेपाली शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिताको अध्ययनमा सीमित भएको छ ।

ख) यस अध्ययनमा उच्च माध्यमिक शिक्षा परिषद्द्वारा प्रकाशित उच्च माध्यमिक तहका पाठ्यक्रम, पाठ्य पुस्तक र शिक्षक निर्देशिकामा सीमित रहेको छ ।

ग) शिक्षक निर्देशिकाको प्रयोग प्रभावकारिताको अध्ययन सप्तरी र काठमाडौँ जिल्लाका ५ - ५ वटा सरकारी तथा निजी विद्यालयहरूमा सीमित रहेको छ ।

घ) सप्तरी र काठमाडौँ जिल्लाका नेपाली विषय शिक्षकहरूसँग यो अध्ययन सीमित रहेको छ ।

ङ) प्रश्नावली र मौखिक अन्तर्वाता तथ्याङ्क संकलनका आधार रहेका छन् ।

## १.८ शोधविधि

यस शोधकार्यकालागि सर्वेक्षण विधिलाई मुख्य रूपमा प्रयोग गरिएको छ । जसमा निम्न प्रक्रियाहरू अङ्गालिएका छन् ।

### १.८.१ जनसंख्या र प्रतिनिधि नमुना छनोट

यस अध्ययनमा नमुना छनोटको रूपमा काठमाडौँ र सप्तरी जिल्लाका ५- ५ जना गरी जम्मा १० जना नेपाली शिक्षकहरूलाई लिइएको छ ।

### १.८.२ सामग्री निर्माण र निर्मित सामग्रीको मानकीकरण

शिक्षक निर्देशिकाको प्रयोग प्रभावकारिता सम्बन्धी अध्ययन गर्दा उच्च मा. वि. का नेपाली विषय शिक्षकहरूले शिक्षक निर्देशिका अनुसार अध्यापन गरे  नगरेको ? नगरेको भए किन ? गरेको भए के कस्तो फाइदा, सुविधा भयो ? भनी उक्तः प्रश्नावली तयार गरिएको छ । प्रश्नावलीलाई विषय शिक्षकहरूको सहयोगमा मानक निर्धारण गरी प्रयोग गरिएको छ ।

### १.८.३ तथ्याङ्क संकलन

यस शोधकार्यमा छनोट गरिएका नेपाली विषयका नमुना शिक्षकहरूबाट निम्न लिखित प्रक्रियाहरू अपनाइ तथ्याङ्क संकलन गरिएको छ ।

क) प्राथमिक स्रोत

प्रस्तुत शोधपत्रमा प्राथमिक स्रोतको रूपमा शोधार्थी स्वयम्को सक्रिय उपस्थितिमा छनोट गरिएका नमुना शिक्षकहरूले प्रश्नावली मार्फत दिएका जवाफ, सल्लाह, सुझाव तथा राय समेत अध्ययनको विषय रहेको छ ।

ख) द्वित्तीय स्रोत

प्रस्तुत शोधकार्यको द्वित्तीय स्रोतहरूमा विभिन्न तहका नेपाली पाठ्य पुस्तक, पाठ्यक्रम, पत्र पत्रिका, प्रकाशित लेख रचनाहरू, प्रकाशित शोधग्रन्थहरू, उच्च माध्यमिक शिक्षा परिषद्द्वारा प्रकाशित नेपाली विषयका पाठ्यक्रम, पाठ्य पुस्तक तथा शिक्षक निर्देशिका र शिक्षक तालिम समबन्धी पाठ्य पुस्तक र शिक्षा आयोगका पाठ्य पुस्तकहरू, शिक्षा ऐन तथा नियमावली र प्रतिवेदनहरू रहेका छन् ।

### १.८.४ तालिकीकरण, व्याख्या र विश्लेषण

यस शोधपत्रमा प्राथमिक र द्वित्तीय स्रोतबाट प्राप्त तथ्यहरूलाई विभिन्न तालिकाहरूमा तालिकीकरण गरेर व्याख्या, विश्लेषण गरिएको छ । साथै अध्येताको प्रत्यक्ष सहभागितामा प्राप्त सुझाब, सल्लाह, रायलाई सामान्य साङ्खिकीय विवधिको प्रयोग गरी विश्लेषण गरिएको छ । साथै अध्ययनका क्रममा देखिएका र भेटिएका तथ्यलाई समेत व्याख्या गरिएको छ ।

## १.९ अध्ययनको रूपरेखा

अध्याय एक : परिचय/पृष्ठभूमि

अध्याय दुई : सैद्धान्तिक अवधारणा, पाठ्यक्रम, पाठ्य पुस्तक र शिक्षक निर्देशिकाको परिचय

अध्यया तिन : उच्च माध्यमिक तहमा शिक्षक निर्देशिका

अध्याय चार : पाठ्यक्रम, पाठ्य पुस्तकको अपेक्षा अनुरूप शिक्षक निर्देशिकाको व्याख्या विश्लेषण

अध्याय पाँच : नमुना जनसंख्याबाट प्राप्त तथ्यको विश्लेषण

अधयाय छ : उपसंहार र निष्कर्ष

अध्याय सात : निष्कर्ष

सन्दर्भ ग्रन्थसूची

# अध्याय दुई
# सैद्धान्तिक अवधारणा
# पाठ्यक्रम, पाठ्य पुस्तक र शिक्षक निर्देशिकाको परिचय

## २.१ भाषा पाठ्यक्रम

पाठ्यक्रम शिक्षाको मेरुदण्ड हो । शिक्षाको उद्देश्य पुरा गर्नका लागि विद्यालय भित्र र बाहिर गरिने सम्पूर्ण क्रियाकलापहरू पाठ्यक्रमभित्र पर्दछन् । पाठ्यक्रम शिक्षण सिकाइको विशिष्ट योजना हो, औजार हो । शाब्दिक रूपमा अंग्रजीको ऋगचचष्अगगिि शब्दको नेपाली रूपान्तरण नै पाठ्यक्रम हो जुन ऋगचचष्अगगिि शब्द ल्याटिन भाषाको ऋगचचभचभ बाट निर्माण भएको हो र ऋगचचभचभ शब्दले दैाडनु भन्ने अर्थ दिन्छ । यसरी पाठ्यक्रम भन्नाले शिक्षारूपी दौड हो जहाँ धावन मार्गमा धावकलाई सही दिशामा दौडन प्रेरणा दिनु शिक्षकको परम कर्तव्य हुन आउँछ । वस्तुतः भाषा पाठ्यक्रमले सिकारुलाई सुनाइ, बोलाई, पढाइ र लेखाइका सिपहरूमा दक्ष बनाउने अपेक्षा राख्दछ । भाषिक सिप सम्बद्ध सम्पूर्ण कार्यकलापको मार्ग निर्देशकको रूपमा भाषा पाठ्यक्रम रहन्छ र भाषा शिक्षण र सिकाइका ढोका खोल्दछ जहाँ भाषा शिक्षणलाई योजना बद्ध, संगठित र रुचिपूर्ण बनाउन भाषा पाठ्यक्रमले दिशा निर्देश गर्दछ । त्यस्तै भाषा शिक्षण विधि र सामग्रीमा विविधता ल्याई सही तरिकाले भाषिक मूल्याङ्कन गर्न पनि भाषा पाठ्यक्रमले सहयोग पुऱ्याउँछ । भाषा शिक्षणलाई सफल र प्रभावकारी बनाउन सुनियोजित तरिकाले निर्माण गरिएको शैक्षिक कार्यक्रमलाई भाषा पाठ्यक्रम भनिन्छ । भाषा पाठ्यक्रमले भाषिक उद्देश्य, पाठ्यवस्तु, शैक्षिक सामग्री, विधि र भाषिक मूल्यङ्कनलाई समेत समेटेको हुन्छ । भाषा पाठ्यक्रमविना भाषिक सिपहरूको सिकाइ गन्तव्यविनाको यात्रा झै हुन्छ । भाषा पाठ्यक्रम भाषिक सिप विकासको आधारशिला हो । मूलत : भाषिक सिपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को विकास गर्ने ध्येय भाषा पाठ्यक्रमले राख्दछ । भाषा पाठ्यक्रमले सिकारुमा भाषिक सिपहरूको विकासका लागि आवश्यक पाठ तथा विषय वस्तुहरू, ती विषय वस्तुको प्रस्तुति र निर्धारित सिपहरूको विकासका बाधाहरूको पूर्वानुमान तथा समाधानका उपायहरू समेत सुझाएको हुन्छ ।

भाषा पाठ्यक्रमकै आधारमा भाषाका पाठ्यवस्तु निर्धारण भई भाषा पाठ्य पुस्तक निर्माण हुने र भाषा शिक्षकहरूलाई भाषिक सिपहरूको विकासका लागि अपनाउन सकिने कला कौशलहरूको सुझ समेत दिने भएकाले भाषा पाठ्यक्रमको महत्त्व अधिक मानिन्छ । त्यति मात्र नभई भाषा शिक्षणलाई सिकारुको उमेर, रुचि, आवश्यकता र तिनीहरूको भाषिक पृष्ठभूमिका आधारमा सञ्चालन गर्न र भाषा शिक्षणलाई प्रभावकारी बनाउन उपयुक्त शैक्षिक वातावरण र सिकाइयुक्त वातावरणको निर्माण गर्न समेत सघाउ पुऱ्याउँदछ । साथै भाषा शिक्षणमा आवश्यक भौतिक तथा मानवीय साधन स्रोतको जोहो गर्न समेत भाषा पाठ्यक्रमले सहयोग पुऱ्याउँछ ।

भाष पाठ्यक्रमको परिभाषालाई तुलसी प्रसाद ढुङ्गानाले निम्नानुसार उल्लेख गरेको पाइन्छ ।

“भाषा शिक्षणको लक्ष्य हासिल गर्न बनाइएको कार्यक्रमलाई भाषा पाठ्यक्रम भनिन्छ ।”

“भाषा पाठ्यक्रम भनेको मानव जातिको सम्पूर्ण भाषिक ज्ञान र अनुभवहरूको सार हो ।”

“भाषा पाठ्यक्रम भन्नाले भाषिक उद्देश्य, भाषिक विषय वस्तु भाषिक प्रक्रिया, स्रोत एवम् भाषिक मूल्याङ्कनका साधन बुझिन्छ । जसलाई विद्यालयभित्र र बाहिर कक्षा शिक्षण वा सम्बन्धित कार्यक्रमद्वारा पुरा गर्न योजना वद्ध प्रयास गरिन्छ ।”

माथि प्रस्तुत गरिएका परिभाषाहरूलाई हेर्दा भाषा पाठ्यक्रम भन्नाले विद्यार्थीलाई भाषिक दृष्टिले शिक्षण संस्था वा विद्यालयहरूमा शैक्षिक अनुभवहरू प्रदान गर्ने मानसिकताले तयार पारिएको एउटा बृहत् योजना हो जसले सम्पूर्ण मानवीय भाषिक अनुभवहरूलाई समेट्दछ र मूलत भाषिक सिपहरूतर्फ केन्द्रित रहेको हुन्छ भन्ने बुझिन्छ ।

## २.२ भाषा पाठ्य पुस्तक

भाषा पाठ्यक्रमले निर्धारण गरेका भाषिक उद्देश्यहरू पुरा गर्न निर्माण गरिएको पाठ्य सामग्री नै भाषा पाठ्य पुस्तक हो । भाषा पाठ्य पुस्तकभित्र पाठ्यक्रमका निर्धारित उद्देश्य पुरा गर्न कुन विषय वा विधाको कति भाग ? कति समयभित्र ? कसरी

सिकाउन सकिन्छ ? जस्ता पक्षहरूको मनन गरी स्तरण तथा छनोट गरी विधा वा विषय वस्तु निर्धारण गरिन्छ । यो विद्यार्थीको स्तर, आवश्यकता, औचित्य उमेर अनुकूल हुने गरी निर्माण गरिएको हुन्छ ।

भाषा पाठ्य पुस्तक पाठ्यक्रमका  उद्देश्यहरू प्राप्तिका लागि विद्यार्थी र शिक्षक दुवैलाई दिशा निर्देश गर्दछ । भाषा पाठ्य पुस्तकले शिक्षकलाई कुन विषय वस्तु के कसरी प्रस्तुत गर्ने ? कति समय दिने भन्ने कुराको निक्यौंल गर्न सघाउदछ भने सिकारुलाई गृहकार्य गर्न, पुनरावृत्ति गर्न, स्वअध्ययन गरी सिकाइलाई स्थायी र प्रभावकारी बनाउन सहयोग गर्दछ हाम्रो परिवेशमा हेर्ने हो भने पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य पुरा गर्न एक प्रमुख र महत्त्वपूर्ण साधनको रूपमा पाठ्यक्रमलाई लिइएको पाइन्छ । वास्तवमा भाषा पाठ्यक्रमले राखेको उद्देश्यहरू पुरा गर्न केवल भााषा पाठ्य पुस्तकहरूको मात्र प्रयोग नगरी विभिन्न सहयोगी पुस्तकहरू, सन्दर्भ पुस्तकहरू, स्रोत सामग्रीहरू पनि प्रयोग गर्न सकिन्छ तर स्रोत, साधन र चेतनाको अभावको कारणले अधिकांश नेपाली विद्यालयहरूमा केवल पाठ्य पुस्तकलाई नै साध्य वस्तुको रूपमा प्रयोग गरिएको पाइन्छ । यसरी भाषा पाठ्य पुस्तक भाषा पाठ्यक्रम को उद्देश्य पुरागर्ने महत्तम साधनको रूपमा लिइन्छ । विधागत विविधता भाषा पाठ्य पुस्तकको एक महत्त्वपूर्ण विशेषता हो जुन विधागत विविधताले भाषा सिकाइलाई सरल, सहज र सरस वनाउद छ ।

भाषा पाठ्य पुस्तकलाई चिनाउने क्रममा विभिन्न भाषा विदहरूको विचारहरूलाई पनि नियाल्नु आवश्यक देखिन्छ "विद्यालय एवं विधा पिठहरूमा औपचारिक ढंगले पठाउने वस्तु नै पाठ्य पुस्तक हो ।" ने. बृ. श.

"कुनै पाठ्यांश को विभिन्न एकाइहरूको शिक्षण सिकाइ क्रमबद्ध रूपमा हुन सकोस भन्ने उद्देश्यले पाठ् पुस्तकको रचना गरिन्छ "

-क्रोन वाक

"पाठ्य पुस्तक भनेको शिक्षकको लागि निर्देशिक, विद्यार्थीका लागि स्रोत सामग्री, सिकिसकेका कुराहरूको स्थायी लेखा जोखा गर्ने, क्रमबद्वता कायम गर्ने साधन, भाषा सिकाइको उल्लेख्य पक्ष, भाषा तात्विक सिपको विकास गराउने बृहत् सामग्री, तथा अन्तिममा पढाइको

अभ्यास गराउने स्थल पनि हो । त्यसैले पाठ्य पुस्तक भनेको विद्यार्थीहरूलाई छापिएका सामग्री तर्फ उनीहरूको अभिरुचि जागृत गराइ आजीवन पाठक बनाउन प्रेरित गराउने महत्त्वपूर्ण साधन हो ।" -न्यु वर्ल्ड डिक्सनरी

यी माथिका परिभाषाहरूलाई केलाउदा पाठ्य पुस्तक भन्नाले कुनै पनि विषयमा शिक्षकलाई निर्देशित गरी विद्यार्थीलाई सिकाइ प्रति जागरुक बनाउने र पुनरावृत्ति तथा अभ्यासको सन्दर्भमा उपयोग गर्ने उद्देश्य अनुसार तयार गरिएको पाठ्य सामग्री हो भन्ने बुझिन्छ ।

त्यस्तै भाषा पाठ्य पुस्तक एक "मुद्रित शिक्षक" हो जुन सिकारुको भाषिक सिप विकास र समझको विकास गर्ने महत्त्वपूर्ण साधन पनि हो । विशेषत भाषिक अभ्यासमा जोडदिने गरी निर्माण गरिएको पुस्तक हो । भाषा पाठ्य पुस्तक भाषिक सिप, विषय वस्तु, विधा र भाषातत्त्व (व्याकरण) को सामन्वयात्मक रूप हो । भाषा पाठ्य पुस्तकमा समावेश गरिएका विषय वस्तु भाषिक सिप सिकाउने साधनको रूपमा रहेका हुन्छन् । यसमा भाषातत्त्व (व्याकरण) का विविध पक्ष सहित विभिन्न सिर्जनात्मक क्रियाकलाप र अभ्यासहरू दिइएको हुन्छ ।

## २.३ शिक्षक निर्देशिकाको पचिय

भाषा पाठ्य पुस्तकका पाठ्य सामग्रीहरूलाई उपयोग गर्न शिक्षकलाई सहयोग पुऱ्याउने पुरक सामग्रीको रूपमा शिक्षक निर्देशिकालाई लिन सकिन्छ । शिक्षक निर्देशिकाको उपयोगले भाषा शिक्षण सुगम, सरल र प्रभावकारी वन्दछ । शिक्षक निर्देशिकाले भाषा पाठ्यक्रम र पाठ्य पुस्तकका आधारमा निर्धारित भाषिक सिपहरूो विकास गर्न र सिकारुको भाषिक कठिनाइहरू बुझ्न र सो अनुसार भाषा शिक्षण गर्न सघाउ पुऱ्याउदछ । भाषा पाठ्यक्रमको अपेक्षा र पाठ्य पुस्तकका विषय वस्तुलाई के-कस्ता विधि र कार्यकलाप अपनाउन सकिन्छ भन्ने कुरा निर्देशिकाम स्पष्ट उल्लेख गरिएको हुन्छ । हुन त भाषा पाठ्य पुस्तकमा 'शिक्षकलाई निर्देशन' भन्ने शिर्षक राखेर आवश्यक निर्देशन दिइएको हुन्छ तर भाषा शिक्षणलाई विस्तृत, ओजपुर्ण र प्रभावकारी बनाउन शिक्षक निर्देशिका आवश्यक हुन्छ । अर्कोतर्फ सवै शिक्षकहरू तालिम प्राप्त हुदैनन् भने मतिपय तालिमप्राप्त शिक्षकहरू पनि पाठ्य पुस्तकका विषय वस्तु घोकाउने र कण्ठ गराउनमै व्यस्त देखिन्छन् त्यस अवस्थामा भाषा पाठ्य पुस्तकभित्रका विषय

वस्तुलाई कसरी शिक्षणमा उपयोग गर्ने र भाषा शिक्षणमा ती विषय वस्तुलाई साधनको रूपमा लिइ सुनाइ, वोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक साध्यलाई प्राप्त गर्न सकिन्छ भन्नेतर्फ सजग बनाउने भएकोले पनि शिक्षक निर्देशिका हरेक भाषा शिक्षकहरूका लागि आवश्यक र उपयोगी हुन्छ । शिक्षक निर्देशिकामा कुन भाषिक सिपको विकास गर्न के-कस्ता क्रियाकलाप तथा अभ्यास गर्ने ? कुन विधिको प्रयोग गर्ने र ती पाठ्यवस्तुले कुन भाषिक सिप विकासको अपेक्षा गरेको छ भन्ने कुराको अवगत गराउने भएकाले पनि भाषा शिक्षणमा शिक्षक निर्देशिकाको महत्त्व रहन्छ । यस्तै निर्धारित भाषिक सिपहरू निर्धारित समयमै प्राप्त गर्न कुन अभ्यासलाई जोड दिने के कस्ता मूल्याङ्कनका साधनहरू प्रयोग गर्ने ती मुल्याङकनवाट प्राप्त पृष्ठपोषणका आधारमा भावी भाषिक कार्यकलाप कसरी सुधार गर्ने, कस्ता शिक्षण अपनाउने, ती मूल्याङ्कन अभिलेख कसरी राख्ने र ती मूल्याङ्कनबाट पाइएको कमी कमजोरी सुधार्न ती अभिलेखहरूको प्रयोग कसरी गर्ने र के कस्ता पुरक तथा सहकार्यकलापको प्रयोग गर्ने आदि सुझको विकास गराउने भएकाले भाषा शिक्षणलाई सार्थक बनाउन शिक्षक निर्शेशिका उपयोगी मनिन्छ ।

भाषा शिक्षण महत्त्वहीन र अनावश्यक कुरामा नअल्मलिउन बरु भाषा शिक्षणलाई समय सान्दर्भिक, वस्तुगत र उद्देश्य केन्द्रित बनाउन सकियोस भन्नाकालागि शिक्षक निर्देशिका को उपयोग आवश्यक हुन्छ । विद्यार्थीलाई प्रभावकारी भाषा सिकाइ कार्यकलापहरू, अभ्यासहरूमा सरिक गराई भाषा पाठ्य पुस्तकको प्रभावकारी प्रयोग गराउनु र उच्च तहमा पाठ्यक्रमको अपेक्षा पुरा गराउनु नै शिक्षक निर्देशिकाको आशय रहेको हुन्छ । शिक्षक निर्देशिकाले नव प्रवेशी शिक्षकलाई भाषा शिक्षणको वास्तविक मार्गमा डोऱ्याउँछ भने अनुभवी र तालिम प्राप्त शिक्षकलाई समेत आफ्ना तालिम, अनुभव र ज्ञान सिपलाई अझ व्यापक बनाउँदछ । आफ्नो पेसागत विकासमा टेवा पुऱ्याउने भएकाले निर्देशिकाको महत्त्व रहेको पाइन्छ ।

नेपाली भाषा शिक्षणका लागि शिक्षक निर्देशिकाले निम्न कार्यमा सहयोग पुऱ्याउँछ ।

- वार्षिक, एकाइगत र दैनिक रूपमा पाठ योजना निर्माण गर्न ।

- उपयुक्त भाषिक सिपको विकासका लागि उपयुक्त शिक्षण विधि, सामग्री र मूल्याङ्कनका साधनहरूको छनोट गर्न ।
- पाठको प्रकृति र अपेक्षानुसार भाषा शिक्षण गर्न ।
- भाषिक कार्यकलापको छनोट गर्न ।
- भाषा पाठ्य पुस्तकका विषय वस्तु र भाषिक सिपहरूबिच सम्बन्ध स्तापित गर्दै शिक्षण गर्न ।
- भाषा शिक्षणलाई विद्यार्थीको उमेर, रुचि र आवश्यकता अनुसार उपयोगी बनाउन
- मूलतः भाषा शिक्षणलाई वस्तुगत, सरल, सहज र वैज्ञानिक तथा भाषिक सिप केन्द्रित बनाउन ।

यसरी शिक्षक निर्देशिकाले भाषा शिक्षकलाई दैनिक रूपमा भाषा शिक्षण व्यवस्थित, उद्देश्य केन्द्रित र विद्यार्थीको रुचि र अवश्यकतालाई बुझ्रेर सञ्चालन गर्न सहयोग गर्दछ । भाषा पाठ्यक्रमको अपेक्षा पाठ्य पुस्तकका विषय वस्तुहरूबिच उपयुक्त सन्तुलन कायम गर्दै भाषिक सिपहरूको अधिकतम विकासका लागि शिक्षक निर्देशिका हरेक भाषा शिक्षकका लागि सहयोगी मित्र झैँ हुने देखिन्छ ।

## २.४ भाषा पाठ्यक्रम, भाषा पाठ्य पुस्तक र शिक्षक निर्देशिकाबिचको अन्तर सम्वन्ध

### २.४.१ भाषा पाठ्यक्रम र भाषा पाठ्य पुस्तक

विषय र प्रकृतिका आधारमा भाषा पाठ्यक्रम अन्य पाठ्यक्रम भन्दा पृथक् किसिमको हुन्छ । भाषा पाठ्यक्रम भनेको कुनै कक्षा वा तहका लागि भाषिक आवश्यकताको विश्लेषण गरी ती आवश्यकताहरू पुरा गर्ने उद्देश्यले सोही अनुसार उद्देश्य, विषय वस्तु, शिक्षण विधि र मूल्याङ्कन प्रक्रिया, अङ्कभार, समय भार आदिको व्यवस्थित तर्जुमा गरेर निर्माण गरिएको भाषा शिक्षण सिकाइको बृहत् योजना हो । त्यसै गरी भाषा पाठ्यक्रमका उक्त योजना र अपेक्षा पुरा गर्न विभिन्न सन्दर्भ तथा स्रोत सामग्रीहरूको खाचो पर्दछ किनभने पाठ्यक्रमले मात्र ती निर्धारित भाषिक उद्देश्य पुरा गर्न सक्दैन त्यसैले शिक्षक, विद्यार्थी विद्यालय, विभिन्न शैक्षिक सामग्री आदिको संयक्त प्रयासबाट पाठ्यक्रमको अपेक्षा पुरा गरिन्छ तर पाठ्यक्रमले

निर्देशित गरेका उद्देश्य, तय गरेका विषय वस्तुका आधारमा पाठ्यक्रमको अपेक्षा पुरागर्ने महत्त्वपूर्ण र भरपर्दो सामग्री भने पाठ्य पुस्तक नै हो । विधागत विविधता र विषय वस्तुको छनोट तथा स्तरण गरी भाषिक सिपहरूको मर्मानुसार भाषा पाठ्य पुस्तक तयार गरिन्छ । विद्यार्थीहरूलाई पाठ्यक्रमको उद्देश्य अनुसार पढ्न र अभ्यास गर्न तथा शिक्षकलाई उद्देश्य अनुसार योजनाबद्ध ढङ्गले शिक्षण गर्न र अभ्यास गराउन मद्दत गर्ने भरपर्दो साधन नै भाषा पाठ्यपस्तक हो ।

भाषा पाठ्यक्रमले भाषिक सिपहरू किन सिकाउने ? कसरी सिकाउने ? भन्ने कुराको सैद्धान्तिक अवधारणा प्रदान गरेको हुन्छ भने पाठ्य पुस्तकले पाठ्यक्रमका तिनै व्यावहारिक प्रस्तुति दिएको हुन्छ । यस अर्थमा भाषा पाठ्यक्रम सैद्धान्तिक तर भाषा पाठ्य पुस्तक, पाठ्यक्रमका सिद्धान्त र दर्शनलाई व्यवहारमा उपयोग गर्ने प्रायोगिक सामग्री हो । त्यस्तै पाठ्यक्रम सूत्रात्मक हुने तर पाठ्य पुस्तक व्याख्यात्मक किसिमको सामग्री हो भन्न सकिन्छ । अझ व्यापक अर्थमा भन्नु पर्दा । यी दुइबिचको सम्बन्धलाई निम्न लिखित बुँदाहरूका आधारमा स्पष्ट पार्न सकिन्छ :

- भाषा पाठ्यक्रमले शिक्षण उद्देश्यहरूको सूची निर्धारण गरेको हुन्छ भने पाठ्य पुस्तकले उद्देश्य पुरा गर्ने किसिमले पाठ्य सामग्रीहरूको प्रस्तुति गरेको हुन्छ ।
- भाषा पाठ्क्रमले उद्देश्य अनुसारका शिक्षणीय विषय वस्तुको छनोट गरी उपयुक्त सिफारिस दिन्छ भने पाठ्य पुस्तकले तिनै छनोट र स्तरणयुक्त सिफारिसमा आधारित विषय वस्तुलाई विद्यार्थीको रुचि आवश्यकताको ख्याल गरेर गम्भीर प्रस्तुतति दिन्छ ।
- भाषा पाठ्यक्रमले शिक्षण विधि, सामग्री र मूल्याङ्कनको निर्देशन दिएको हुन्द्ध भने भाषा पाठ्य पुस्तकले तिनको व्यावहारिक प्रस्तुति तथा विषय वस्तुहरूलाई अभ्यासमूलक कार्यकलापमा ढालेर शिक्षण सिकाइमा सहयोगी बनाएर प्रस्तुत गर्दछ ।
- भाषा पाठ्यक्रमले विषय वस्तुको महत्त्व अनुसार पाठ्य समय भार र मूल्य अङ्कभारको सैद्धान्तिक निर्देशन गरेको हुन्छ भने भाषा पाठ्य पुस्तकले समय भार र

अङ्गभारको निर्देशन अनुरूप विषय वस्तुको व्यावहारिक प्रस्तुति र सीमा अवलम्बन गर्दछ ।

- भाषा पाठ्य पुस्तक भाषा पाठ्यक्रमको मर्मानुसार निर्माण गरिएको हुन्छ ।
- भाषा पाठ्यक्रमले तय गरेका उद्देश्य तथा निर्देश गरेका भाषिक विषय वस्तुहरूको क्षेत्र र क्रमको दायराभित्र रही शिक्षण सिकाइमा उपयोगी हुने गरी भाषिक सामग्रीहरूको विस्तृत सङ्कलन र सङ्गठन भाषा पाठ्य पुस्तकमा गरिएको हुन्छ ।

माथिको चार्चाबाट भाषा पाठ्यक्रमले निर्देश गरेका उद्देश्य, विषय वस्तु शिक्षण विधि तथा सामग्री र शिक्षण क्रियाकलाप अनि भाषिक मूल्याङ्कन अनुरूप नै भाषा पाठ्य पुस्तक तय गरिन्छ । यदि भाषा पाठ्य पुस्तकले पाठ्यक्रमका उक्त निर्देशनलाई पछ्याउन सकेन भने भाषा शिक्षण गन्तव्य विहीन यात्रा बन्दछ त्यसैले भाषा पाठ्य पुस्तक पाठ्यक्रमकै निर्धारित दायराभित्र बाँधिएको हुन्छ । भाषा पाठ्यक्रमले जुन शिक्षण क्रम तोकेको छ त्यही क्रममा, जुन विषय वस्तु तोकेको छ त्यही विषय वस्तु, कार्यकलाप र मूल्याङ्कनका साधनहरूको आधारमा भाषा पाठ्य पुस्तकको निर्माण गरिएको हुन्छ । भाषा पाठ्य पुस्तक पाठ्यक्रमले तोकेका निश्चित चौघेरामा बाधिएको हुन्छ जुन पाठ्यक्रमको उघेश्य पुरा गर्ने एक महत्त्वपूर्ण सामग्री पनि हो ।

### २.४.२ भाषा पाठ्यक्रम र शिक्षक निर्देशिका

भाषा सिकाइका लागि निर्धारण गरिएका उद्देश्यहरूको उपलब्धि तहसम्म पुग्नका लागि बनाइएको भाषा शिक्षण सम्बन्धी गोरेटो वा कार्यक्रम भाषा पाठ्यक्रम हो । सिकारुको उमेर, क्षमता, आवश्यकता र भाषिक पृष्ठभूमिका आधारमा भाषा सिकाइ योग्य बनाउन तयार गरिएको बृहत् योजना नै भाषा पाठ्यक्रम हो भने उक्त भाषा पाठ्यक्रमको अपेक्षालाई व्यवहारमा सहज तरिकाले उपयोगमा ल्याउन सहयोग गर्ने सहयोगी सामग्री शिक्षक निर्देशिका हो । भाषा पाठ्यक्रमले निर्धारण गरेका लक्ष्य तथा भाषिक सिपहरू प्रभावकारी ढङ्गले सिकारुको वास्तविक जीवनमा, व्यवहारमा उतार्न सिकाउने सहयोगी सामग्रीको रूपमा शिक्षक निर्देशिका रहेको हुन्छ ।

भाषा पाठ्यक्रम मानवजीवनको सम्पूर्ण भाषिक ज्ञान र अनुभवहरूको सार हो भने शिक्षक निर्देशिकाले ती सम्पूर्ण ज्ञान र अनुभवलाई अझ सबल बनाउन मद्दत गर्दछ ।

विद्यालयभित्र र बाहिर परिवेशमा भाषा शिक्षणको अपेक्षित उद्देश्य प्राप्त गर्न गरिने यावत् प्रयास भाषा पाठ्यक्रम हो भने शिक्षक निर्देशिकाले ती यावत् प्रयासलाई सार्थक रूप दिन सघाउ पुऱ्याउँछ ।

भाषा शिक्षणको लक्ष्य हासिल गर्न बनाइएको कार्यक्रमलाई भाषा पाठ्यक्रम भनिन्छ जुन कार्यक्रमलाई व्यवहारमा उतारेर निधारित लक्ष्य पुरा गर्ने सहयोगी सामग्री शिक्षक निर्देशिका हो ।

भाषा पाठ्यक्रम भनेको भाषा शिक्षणको त्यो साधन हो, जसको सहायताले उसले आफ्नो भाषिक उद्देश्य अनुसार आफ्ना छात्राहरूलाई कुनै पनि रूपमा ढाल्न सक्छ त्यस्तै शिक्षक निर्देशिकाले व्यवहारमा अभ्यस्त हुन मद्दत गर्दछ ।

शिक्षक निर्देशिकाले भाषा पाठ्यक्रमका कतिपय अस्पष्ट कुराहरूलाई अझ स्पष्ट बनाउँछ ।

माथिका कुराहरूबाट भाषा पाठ्यक्रम भाषा सम्बद्ध सम्पूर्ण अनुभवहरूको सँगालो हो भने शिक्षक निर्देशिका उक्त अनुभवहरूलाई संगठित र व्यवस्थित गर्ने प्रभावकारी साधन भएको ले भाषा पाठ्यक्रम र शिक्षक निर्देशिका बिच अन्योन्याश्रित सब्न्ध रहेको हुन्छ ।

### २.४.३ भाषा पाठ्य पुस्तक र शिक्षक निर्देशिका

भाषा पाठ्यक्रम अनुरूप तयार गरिएको पाठ्य पुस्तक नै भाषा पाठ्य पुस्तक हो यो भाषा शिक्षण सिकाइको महत्त्वपूर्ण तथा आधिकारिक सामग्री हो । पाठ्य पुस्तक पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यन्वयन गर्नका लागि सहयोग पुऱ्याउन पाठ्यक्रमको उद्देश्य अनुरूप तयार गरिन्छ । भाषा पाठ्यक्रमका सैद्धान्तिक कुरालाई व्यावहारिक कार्यकलाप वा प्रक्रियामा ढालेर भाषिक सिपहरू प्रभावकारी रूपमा सिकाउने भरपर्दो साधनको रूपमा भाषा पाठ्य पुस्तकलाई लिइन्छ । उक्त भाषा पाठ्यक्रमको अपेक्षा अनुरूप भाषा पाठ्य पुस्तकमा समाविष्ट विषय वस्तुलाई भाषिक सिप विकासको प्रभावकारी साधनको रूपमा प्रयोग

गर्न शिक्षक निर्देशिकाले सिफारिस गर्दछ । भाषा पाठ्यक्रमको उद्देश्य अनुसार भाषा पाठ्य पुस्तकमा समावेश गरिएका विषय वस्तुको प्रकृति अनुसार कसरी कुन कार्यकलापद्वारा निर्धारित भाषिक सिपहरूको विकास गर्न सकिन्छ भन्ने कुराको सुझ शिक्षक निर्देशिकाले दिन्छ । त्यस्तै कक्षाकोठामा पाठ्य पुस्तकलाई सही रूपमा प्रयोग गर्न, विद्यार्थी केन्द्रित र वस्तुनिष्ठ भाषा शिषण गर्न पनि शिक्षक निर्देशिकाले सहयोग पुऱ्याउँछ । भाषा पाठ्यक्रमले तय गरेको उद्देश्य र भाषा पाठ्य पुस्तकले राखेको अपेक्षा बमोजिम निर्धारित समयमा निर्धारित भाषिक सिपहरूको उचित विकासका लागि भाषा शिक्षणलाई व्यवस्थित, योजनाबद्ध, रोचक र सिकारुको अवस्था र आवशयकता अनुरूप बनाउन शिक्षक निर्देशिका अपरिहार्य शैक्षणिक सामग्री हो ।

- भाषापाठ्यक्रमका आधारमा भाषा पाठ्य पुस्तक निर्माण भए झै शिक्षक निर्देशिका पनि भाषा पाठ्यक्रम र पाठ्य पुस्तकको मर्म अनुसार निर्माण गरिएको हुन्छ ।
- भाषा पाठ्यक्रम र भाषा पाठ्य पुस्तक झै शिक्षक निर्देशिकाको पनि अभीष्ट लक्ष्य सिकारुमा भाषिक सिपहरूको विकास गर्नु नै रहेको हुन्छ ।
- भाषा पाठ्य पुस्तक र शिक्षक निर्देशिका दुबै भाषा पाठ्यक्रमको अपेक्षा पुरा गर्न र भाषिक सिपहरूको सिकाइमा सहजता ल्याउनका लागि निर्माण गरिएको हुन्छन् ।

भाषा पाठ्य पुस्तकमा विधागत विविधता भएका भाषिक पाठहरूको छनोट तथा स्तरण गरिएको हुन्छ भने शिक्षक निर्देशिकाले ती छनोट गरिएका विधाहरू कसरी, कुन विधि तथा सामग्री प्रयोग गर्ने, कस्ता भाषिक कार्यकलाप अपनाउने र कुन मूल्याङ्कन साधन प्रयोग गर्ने जस्ता विविध शैक्षणिक पक्षहरूको सुझ बुझ शिक्षकलाई दिने भएकाले शिक्षक निर्देशिका शिक्षकको असल र सहयोगी मित्रको रूपमा रहेको हुन्छ ।

निष्कर्षमा भन्दा भाषा पाठ्यक्रम भाषिक सिपहरू विकास गराउने मेरुदण्ड हो भने भाषा पाठ्य पुस्तक तथा शिक्षक निर्देशिका त्यसका सहयोगी अवयबहरू हुन् ।

## सारांश

पठ्यक्रमले तय गरेको गन्तव्यमा पुग्ने भरपर्दो साधन पाठ्यपुस्तक हो भने उक्त साधनलाई कुशलातापूर्वक निश्चित गन्तव्यतर्फ हाक्ने साचो शिक्षक निर्देशिका हो जसले शिक्षक, विद्यार्थी अभिभावकको यात्रालाई सफल र सार्थक बनाउन मद्दत गर्छ ।

# अध्याय तिन

# उच्च माध्यमिक तहमा शिक्षक निर्देशिका

## ३.१ परिचय

गुणस्तरयुक्त मध्यम स्तरीय जनशक्तिको उत्पादन एवं उच्च शिक्षा प्रवेशका पूर्वाधारक रूपमा विद्यालय शिक्षामा दुई वर्षको शैक्षिक तह थप गरी उच्च माध्यमिक शिक्षा तह सिर्जना गर्न वि. सं. २०४६ फागुन १२ गते उच्च माध्यमिक शिक्षा परिषद्को गठन भएको हो । विद्यार्थीलाई २१ औं शाताब्दीमा प्रतिस्पर्धा गर्न सकने र जीवन जिउन सक्ने ज्ञान तथा सिपको अभिवृद्धि गर्नु यसको दूरदृष्टि रहेको छ । राष्ट्रिय स्तरमा आवश्यक भएको उन्नत, गुणात्मक र विकसित शिक्षा पद्धतिको सिर्जना र कार्यन्वयनको खाँचो परिपूर्ति गर्ने प्रतिबद्धता अनुरूप उच्च माध्यमिक शिक्षा व्यवस्था लागु गरिएको पाइन्छ । उच्च माध्यमिक तहको माथि उल्लेखित ध्येय पुरा गर्न परिषदका प्रमुख ४ समितिहरूको गठन गरिएको छ जस अन्तर्गत पाठ्यक्रम पाठ्य पुस्तक समिति मार्फत कक्षा ११, १२ का सम्पूर्ण पाठ्यक्रम, पाठ्य पुस्तक, शिक्षक निर्देशिका लगायत सन्दर्भ तथा स्रोत सामग्रीहरू तय गरिन्छन् । वि. सं. २०४९ सालबाट पठन पाठन शुरु भएको यस उच्च माध्यमिक तहको शिक्षक निर्देशिकाको औपचारिक विकास निर्माण भने २०५५ सालबाट थालनी भएको पाइन्छ । शिक्षालाई समय सान्दर्भिक र गुणस्तरीय बनाउने अभीष्टकासाथ वि. सं. २०४९/५० बाट यस तहको पाठ्यक्रम औपचारिक रूपमा लागु गरिएको पाइन्छ । परिवर्तित समय र सन्दर्भ अनुसार उच्च माध्यमिक तहको पाठ्यक्रम समय-समयमा परिमार्जन गरिएको पाइन्छ भने त्यसरी नै शिक्षक निर्देशिकाहरू पनि तिनै पाठ्यक्रमको भावना र उद्देश्यमा केन्द्रित भई निरन्तर रूपमा तयार गरिएका देखिन्छन् ।

उच्च माध्यमिक तहको पाठ्यक्रम पाठ्य पुस्तक अधिराज्यभर समान स्तरको र पठन पाठन पनि समान स्तरको बनाउन शिक्षक निर्देशिका सवै शिक्षकका लागि सहायक सिद्ध हुने देखिन्छ । यसरी उच्च माध्यमिक तहमा निर्माण भए गरेका शिक्षक निर्देशिकाले त्यस तहका शिक्षकहरूलाई पठन पाठन सहज, सरल बनाउन मनग्गै सहयोग पुऱ्याएको पाइन्छ । कक्षा ११ को ऐच्छिक नेपाली विषयको शिक्षक निर्देशिकाको सन्दर्भमा हेर्ने हो भने उक्त निर्देशिकाले विधागत रूपमा शिक्षणीय सुझ दिएको पाइन्छ । उक्त पाठ्यक्रमको मर्म र पाठ्य पुस्तकमा

राखिएका विधाहरूको शिक्षणीय उद्देश्य र सिकारुमा विकास हुनु पर्ने भाषिक सिप र सुझको स्पष्ट निर्देशन गरिएको पाइन्छ । साथै पाठ्य पुस्तकमा निर्धारण गरिएका विधाहरूको पाठ्यभार, पूर्णाङ्क समेत स्पष्ट उल्लेख गरी सो अनुसार शिक्षण गर्न शिक्षकहरूलाई स्पष्ट मार्ग निर्देश गरेको पाइन्छ । त्यसर्थ उच्च माध्यमिक तहको शिक्षक निर्देशिका शिक्षणलाई वैज्ञानिक, वस्तुनिष्ठ, योजनावद्ध प्रयोगपरक बनाउन निर्माण गरिएको कुरा सहजै अडकल गर्न सकिन्छ ।

## ३.२ उच्च माध्यमिक तहमा शिक्षक निर्देशिकाको मान्यता

भाषा पाठ्यक्रमको अपेक्षा अनुसार भाषिक सिपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) लाई कलात्मक सीको रूपमा शिक्षण गर्न शिक्षक निर्देशिकाले सहयोग गर्दछ । उच्च माध्यमिक तहको तहगत उद्देश्य र भाषा पाठ्य पुस्तकमा राखिएका विषयगत उद्देश्य पुरा गर्ने हेतुले शिक्षक निर्देशिका पूर्ण रूपमा सहयोगी सामग्रीको रूपमा रहेको पाइन्छ । भाषा शिक्षण तथा सिकाइ भाषिक आदान-प्रदानको सिपको विकास गराउने कार्यसँग सम्बद्ध हुने र उच्च माध्यमिक तह कक्षा ११ को शिक्षक निर्देशिकाले ती भाषिक सिप र पक्षको विकास गर्न सघाउ पुऱ्याएको पाइन्छ । शिक्षक निर्देशिका शिक्षकको असल, सहयोगी मित्रको रूपमा स्थापित भएको पाइन्छ । यस अध्ययनमा उच्च माध्यमिक तहमा शिक्षक निर्देशिकाको प्रयोग गरी भाषा शिक्षणलई प्रभावकारी बनाउन शिक्षकहरूले गरेका प्रयासहरूको सूक्ष्म अध्ययन भएकाले र भाषा शिक्षणलाई सिकारुको शारीरिक, मानसिक, मानोवैज्ञानिक अवस्थाका आधारमा भाषिक पृष्ठभूमिको आधारमा भए नभएको साथै उच्च माध्यमिक तहमा शिक्षण गर्ने भाषा शिक्षकहरूले शिक्षक निर्देशिकालाई कुन रूपमा लिएका छन् भन्ने सन्दर्भमा

- भाषा शिक्षणलाई भाषिक विषय वस्तुमा नभई भाषिक सिपहरूमा केन्द्रित गर्न मार्ग निर्देशन गरेको पाइन्छ ।
- भाषा पाठ्यक्रमको उद्देश्य अनुसार भाषा पाठ्य पुस्तकमा दिइएका विद्यार्थीहरूलाई भाषिक सिप उन्मुख गरी शिक्षण गर्न शिक्षक निर्देशिकाको महत्त्व रहेको पाइन्छ ।

- भाषाका चार वटै सिपलाई अन्तर सम्बन्धित गराई लिखित बाहेक मौखिक र व्यावहारिक अभ्यास गराउन समेत शिक्षक निर्देशिका सहयोगी सिद्ध भएको देखिन्छ ।

## ३.३ उच्च माध्यमिक तहमा शिक्षक निर्देशिकाको उपयोगिता

भाषा शिक्षण्मा रोचकता प्रभावकारिता  ल्याउन र भाषिक सिपहरूको अधिकतम विकास नै भाषा शिक्षणको ध्येय हो भने उच्च माध्यमिक तहमा शिक्षक निर्देशिकालाई उक्त ध्येयका साथै भाषा शिक्षण गर्दा अपनाउनु पर्ने कक्षाकोठा व्यवस्थापन, निर्धारित विषय वस्तुको प्रस्तुतिलाई भाषा पाठ्यक्रमको उद्देश्य मुताविक कसरी बनाउने भन्ने नै हो भने तिनै प्रयोजनका लागि नै शिक्षक निर्देशिकाको निर्माण गरिन्छ । वस्तुतः उच्च माध्यमिक तहमा यसको प्रयोग निम्न कार्यका लागि गरिन्छ ।

- भाषा शिक्षणलाई पट्यारलाग्दो हुनबाट बचाउँदै सिकारुको रुचि क्षमता र भाषिक पृष्ठभूमिका आधारमा रोचक बनाउन,
- भाषा पाठ्य पुस्तकमा दिइएका विषय वस्तुलाई पाठ्यक्रमको उद्देश्य र भाषिक सिपहरूको विकासमा सहयोगीका रूपमा प्रस्तुत गर्न,
- भाषा शिक्षणमा अनावश्यक गफगाफलाई निरत्साहित गरी शिक्षणलाई योजनाबद्ध, उद्देश्यपूण र वस्तुनिष्ठ बनाउनका लागि,
- शिक्षणलाई विद्यार्थीको रुचिमा आधारित गराई शिक्षण विविधा विधिता अपनाउन,
- शिक्षकको पेसागत दक्षता अभिवृद्धि गरिनका लागि,
- शिक्षकको शिक्षणप्रतिको झुकाब, गौरव तथा आत्मविश्वास बढाउनका लागि,
- भाषा पाठ्यक्रम र पाठ्य पुस्तकको विषयगत उद्देश्यलाई विर्धारित समयमा उच्च तहमा प्राप्त गर्न,
- भाषिक मूल्याङ्कनलाई समय सान्दर्भिक र भाषाका चार वटै सिपहरूमा केन्द्रित बनाउन,
- भाषा शिक्षणमा नवीन विधि र प्रविधिको विकास तथा प्रयोग गर्न,

- स्थानीयस्तरमा उपलब्ध वातावरणलई भाषा शिक्षणमा शिक्षण सामग्रीका रूपमा उपयोग गर्न,
- भाषाका चार वटै सिपहरूलाई अन्तरसमबन्धित रूपमा ती भाषिक सिपहरूको कार्यकलाप सञ्चालन गरी भाषिक सिपहरूको विकास गर्न,

समग्रमा हेर्दा शिक्षक निर्देशिकाले भाषा शिक्षकलाई आफ्नो शिक्षणलाई भाषामा केन्द्रित गरी भाषा पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य र भाषा पाठ्य पुस्तकको मर्मलाई समय सान्दर्भक रूपमा उच्च तहमा प्राप्त गर्न निर्देशिकाले महत्त्वपूर्ण सहयोग पुऱ्याएको पाइन्छ । त्यस्तै भाषा शिक्षणकालागि उपयुक्त शिक्षण विधि, सामग्री, क्रियाकलाप र मूल्याङ्कनको साधनहरूको छनोट तथा प्रयोग गर्ने सुझ समेत शिक्षक निर्देशिकाले दिन्छ । साथै भाषा शिक्षकको पेसागत क्षमता र दक्षताको अभिवृद्धि र भाषा शिक्षणमा रोचकता, प्रभावकारिताका लागि उच्च माध्यमिक तहमा शिक्षक निर्देशिकाको उपयोग गर्ने गरिन्छ ।

# अध्याय चार

# तथ्याङ्क विश्लेषण, पाठ्यक्रम, पाठ्य पुस्तक अनुरूप शिक्षक निर्देशिकाको विश्लेषण

## ४.१ पृष्ठभूमि

एक्काइसौं शताब्दिमा प्रतिस्पर्धा गर्न सकिने तथा जीवन जीउन सक्ने बनाउन ज्ञान तथा सपमा बृद्धि गर्ने दूरदृष्टि र विद्यार्थीहरूलाई मूलधारको पाठ्यक्रम प्रणाली भित्र गतिशील रूपमा सम्लग्न गराउँदै ज्ञानको जटिल संसारसँग सामना गर्न सक्षम बनाउने ध्येयका साथ वि. सं. २०४७ साल फागुन १२ गते स्थापना भएको उच्च माध्यमिक शिषा परिषदले उच्च माध्यमिक तहको तहगत उद्देश्य देआय बमोजिम निर्धारण गरेको छ ।

१. राष्ट्र निर्माणका लागि विभिन्न क्षेत्रमा आवश्यक मध्यमस्तरीय जनशक्ति तयार पार्ने,

२. उच्च शिक्षा हासिल गर्न सक्षम बनाउने ।

## ४.२ परिचय

भाषा पाठ्यक्रमको मूलभूत पक्ष भनेको भाषिक ज्ञान, सिप र अभिवृद्धिको विकास गर्नु हो भने भाषा पाठ्यक्रमको त्यही अपेक्षा अनुसार भाषा पाठ्य पुस्तक शिक्षक निर्देशिका र अन्य सनदर्भ तथा स्रोत सामग्रीहरूको निर्माण गरिन्छ । त्यसैले प्रस्तुत अध्ययनमा पाठ्यक्रम, पाठ्य पुस्तक अनुरूप शिक्षक निर्देशिकाको विश्लेषण गर्नु पूर्व उच्च माध्यमिक तह कक्षा ११ को ऐच्छिक नेपाली विषयको पाठ्यक्रम ले निर्धारण गरेका उद्देश्यहरूको चर्चा गरिएको छ ।

**समष्टिगत विषयगत उद्देश्य**

क) नेपाली भाषा र साहित्यको उन्नतिका निम्ति सकारात्मक भावना अभिवृद्धि गर्न,

ख) साहित्यिक चर्चा परिचर्चा, लेखन कार्यहरूमा सहभागी भई आफ्ना दृष्टिकोणहरू व्यक्ति गर्न,

ग) भाषिक अभिव्यक्तिमा साहित्यिकता, सिर्जनात्मकता र सुन्दरताप्रति अभिप्रेरित हुन,

घ) निर्धारित कथा, उपन्यास र निबन्धहरूको अध्ययनबाट कथा उपन्यास र निबन्ध लेख्ने क्षमताको विकास गर्न ।

**विशिष्ट उद्देश्य**

क) नेपाली कथा, उपन्यास र निबन्धको विकासक्रमको समान्य परिचय दिन,

ख) निर्धारित रचनाका रचनाकारहरूको सामान्य परिचय दिन,

ग) निर्धारित कथा, उपन्यास र निबन्धहरूको समुचित पठन र विवेचना गर्न तथा तिनमा प्रयुक्त विशिष्ट पंक्तिहरूको व्याख्या गर्न,

घ) नेपाली भाषाको ऐतिहासिक विकासक्रम, वर्तमान स्वरूप, संरचना र यसका प्रयोजनपरक भेदको सामान्य परिचयात्मक वर्णन र विवेचना गर्न ।

ङ) नेपाली साहित्यको परिचय अन्तगृत हेनु, प्रयोगन, शब्दशक्ति, रस, अलङ्कार र छन्दको सामान्य परिचय दिन ।

उच्च माध्यमिक तह कक्षा ११ (शिक्षाशास्त्र सङ्काय) मा ऐच्छिक नेपाली लिई अध्ययन गर्न चाहने विद्यार्थीहरूका लागि नेपाली साहित्य भाषा साहित्य परिचयमा विशिष्टीकरणतर्फ अभिमुख गराउन “नेपाली गद्य, भाषा र साहित्य परिचय” प्रथम पत्र १०० पूर्णाङ्कको ऐच्छिक नेपाली विषय निर्धारण गरिएको छ उक्त पिवषयको एकाइगत परिचय देखाए बमोजिम रहेको पाइन्छ ।

**एकाइ परिचय**

**तालिका नं. १**

| एकाइ | खण्ड | शीर्षक | पूर्णङ्क | पाठ्यभार |
|---|---|---|---|---|
| पहिलो | क | नेपाली कथा | ३० | ४५ |
| दोस्रो | ख | नेपाली उपन्यास | २० | ३० |
| तेस्रो | ग | नेपाली निबन्ध | २० | ३० |
| चौथो | घ | नेपाली भाषा | २० | ३० |
| पाँचौं | ङ | साहित्य परिचय | १० | १५ |

उक्त १०० पूर्णाङ्कको ऐच्छिक नेपालीलाई ५ वटा खण्डहरूमा क्रमश कथा, उपन्यास, निबन्ध, भाषा र साहित्य गरी विधागत रूपमा प्रस्तुत गरिएको छ । भने समग्र

विधाहरूकालागि १५० पाठ्यभार निर्धारण गरिएको पाइन्छ । खण्ड 'क' मा कथा विधाका लागि ३० पूर्णाङ्क र ४५ पाठ्यभार निर्धारण गरिएको पाइन्छ जसलाई उद्देश्य सहित निम्न तालिकामा देखाइएको छ ।

**उद्देश्य**

क) कथा र यसको तत्वहरूको सामान्य परिचय दिई आधुनिक नेपाली कथाको विकासक्रम र प्रवृत्तिहरूको संक्षिप्त विवरण दिने

ख) निर्धारित कथाकारहको सामान्य परिचय दिई मूलभूत प्रवृत्ति पहिल्याउन तथा कथाको मूल्याङ्कन एवम विशिष्ट पंक्तिहरूको व्याख्या गर्ने ।

**तालिका नं. २**

| विधा | पूर्णाङ्क | पाठ्यभार |
|---|---|---|
| कथा | ३० | ४५ |
| १ | कथाको परिचय (परिभाषा र तत्व) | ४ |
| २ | आधुनिक नेपाली कथाको विकासक्रम | ५ |
| ३ | निर्धारित काथाकारहरूको परिचय र तिनका कथाहरूको सामान्य विवेचना र विशिष्ट पंक्तिहरूको व्याख्या | ३६ |
| क | गुरूप्रसाद मैनाली - नासो | ४ |
| ख | विश्वेशवर प्रसाद कोइराला - दोषी चश्मा | ४ |
| ग | रूपनारायण सिंह - बितेका कुरा | ४ |
| घ | पुष्कर समशेर - लोग्ने | ४ |
| ङ | गोविन्दबहादुर गोठाले - लक्ष्मीपूजा | ४ |
| च | रमेश विकल - लाहुरी भैंसी | ४ |
| छ | इन्द्रबहादुर राई - जयमाया आफूमात्र लिखापानी आइपुगी | ४ |
| ज | माया ठकुरी - मृगतृष्णा | ४ |
| झ | परशु प्रधान - छिँडीभरिको आकाश | ४ |

त्यसैगरी खण्ड 'ख' मा उपन्यास विधा राखिएको छ र उपन्यास विधाकालागि २० पूर्णाङ्क र ३० पाठ्यभार छुट्याइएको छ। यस खण्डको उद्देश्य निम्न लिखित छन् :

क) उपन्यास र यसका तत्वहरूको सामान्य परिचय दिई आधुनिक नेपाली उपन्यासको विकासक्रमगत प्रवृत्तिहरूको सामान्य सिंहवलोकन गर्न।

ख) निर्धारित उपन्यास एवं उपन्यासकारहरूको सामान्य परिचय र विवेचनाका साथ विशिष्ट पंक्तिहरूको व्याख्या गर्ने।

यस खण्डको उक्त उद्देश्य पुरा गर्न निम्न पूर्णाङ्क र पाठ्यभार निर्धारण गरिएको छ।

**तालिका नं. ४**

| विधा | पूर्णाङ्क | पाठ्यभार | कैफियत |
|---|---|---|---|
| उपन्यास | २० | ३० | |
| १ | उपन्यासको परिचय, परिभाषा र तत्वहरू | ४ | |
| २ | आधुनिक नेपाली उपन्यासको विकासक्रम | ४ | |
| ३ | निर्धारित उपन्यासकारहरूको परिचय, उपन्यासहरूको सामान्य विवेचना र विशिष्ट पंक्तिहरूको व्याख्या | २२ | |
| क. | उपन्यासकार रुद्रराज पाण्डे र रूपमती उपन्यास | ११ | |
| | अ. उपन्यासकारको परिचय | १ | |
| | आ. औपन्यासिक विशेषता | २ | |
| | इ. उपन्यासको ऐतिहासिक स्थान र प्रवृत्तिगत चिनारी | २ | |
| | ई. औपन्यासिक तत्वका आधारमा विवेचना | ६ | |
| ख. | उपन्यासकार लैनसिंह वाङ्देल र माइतघर | ११ | |
| | अ. उपन्यासकारको परिचय | १ | |
| | आ. औपन्यासिक विशेषता | २ | |
| | इ. उपन्यासको ऐतिहासिक स्थान र प्रवृत्तिगत चिनारी | २ | |
| | ई. औपन्यासिक तत्वका आधारमा विवेचना | ६ | |

खण्ड 'ग' मा निम्न उद्देश्यहरूका साथ निबन्ध शिक्षणार्थ पाठ्यभार तथा पूर्णाङ्क निर्धारण गरिएको छ ।

**उद्देश्य**

क) निबन्ध र यसका तत्वहरूको संक्षिप्त चिनारी प्रस्तुत गरी नेपाली निबन्धको विकासक्रमगत प्रवृत्तिहरूको संक्षिप्त विवरण प्रस्तुत गर्न,

ख) निर्धारित निबन्ध एवम् निबन्धकारहरूको सामान्य परिचय र विवेचनाका साथ विशिष्ट पंक्तिहरूको व्याख्या गर्न ।

**तालिका नं. ५**

| विधा | | पुर्णाङ्क | पाठ्यभार | कैफियत |
|---|---|---|---|---|
| निबन्ध | | २० | ३० | |
| १ | निबन्धको परिचय परिभाषा र तत्वहरू | | ३ | |
| २ | नेपाली निबन्धको विकासक्रम | | ३ | |
| ३ | निर्धारित निबन्धकारहरूको परिचय र निबन्धहरूको सामान्य विवेचना र विशिष्ट पंक्तिहरूको व्याख्या | | २४ | |
| क. | लक्ष्मीप्रसउाद देवकोटा - पहाडी जीवन | | ३ | |
| ख. | हृद्यचन्द्रसिंह प्रधान - जुँगा | | २ | |
| ग. | केशवराज पिंडाली - खै खै | | २ | |
| घ. | रामकृष्ण शर्मा - सगरमाथामा तन्जिङ्ग | | ३ | |
| ङ. | शंकर लामिछाने - औपन्यासिक पत्र जीवनको पृष्ठभूमिमा | | ३ | |
| च. | अच्छा राई - भूँडी | | ३ | |
| छ.. | श्वामप्रसाद शर्मा - एक घण्टा बिताउन | | ३ | |
| ज. | ताना शर्मा - राष्ट्रियताको ज्योती हुलाकघर | | ३ | |
| झ. | भैरव अर्याल - अमरावती कान्तिपुरी नगरी | | २ | |

खण्ड 'घ' मा निम्न पूर्णाङ्क र पाठ्यभार तोकी भाषाको परिचय, परिभाषा र नेपाली भाषाको ऐतिहासिक ज्ञान दिलाउन खोजिएको छ ।

**उद्देश्य**

क) भाषाको विशेषता र व्यवस्थाको वर्णनगरी भाषिक अध्ययनमा प्रवृत्त गराउन ।

ख) नेपाली भाषाको स्वरूपगत एवम् ऐतिहासिक पक्षको अध्ययन गरी नेपालका प्रमुख भाषाहरूको सामान्य परिचय दिन ।

**तालिका नं. ६**

| पाठ्यवस्तुको विवरण | | पूर्णाङ्क | पाठ्यभार |
|---|---|---|---|
| | | २० | ३० |
| १ | भाषाको परिचय - भाषाको विशेषता, भाषिक व्यवस्था, भाषिक अध्ययन | | ६ |
| २ | नेपाली भाषाको इतिहास | | ४ |
| ३ | नेपाली भाषाको स्वरूप-उच्चारण व्यवस्था, व्याकरण | | ६ |
| ४ | नेपाली भाषाका भाषिकाहरू | | ४ |
| ५ | नेपाली तथ्य र लेख्य भाषा | | २ |
| ६ | सामान्य नेपाली र साहित्यिक नेपाली | | २ |
| ७ | ज्ञानविज्ञानको नेपाली | | २ |
| ८ | नेपालका प्रमुख भाषाहरूको सामान्य परिचय | | ४ |

भाषा पायपुस्तकमा राखिएको खण्ड 'ङ' को साहित्य परिचयको एकाइकालागि निम्न उद्देश्यका साथ १० पूर्णाङ्क र १५ पाठ्यभार तोकिएको छ । जसलाई निम्न तालिका द्वारा देखाउन सकिन्छ ।

**उद्देश्य**

क) साहित्यको परिभाषा, हेतु र प्रयोजन, विधागत वर्गीकरण, शब्दशक्तिको सामान्य अवधारणा स्पष्ट पार्न,

ख) रस, अलङ्कार र छन्दको सामान्य पहिचान गरी निर्धारित रस, अलङ्कार र छन्दको सोदाहरण परिचय दिन

**तालिका नं. ७**

| पाठ्यवस्तुको विवरण | | पूर्णाङ्क | पाठ्यभार | कैफियत |
|---|---|---|---|---|
| | | १० | १५ | |
| १ | साहित्यको परिचय, हेतु र प्रयोजन | | २ | |
| २ | साहित्यको विधागत वर्गीकरण | | १ | |
| ३ | शब्दशक्ति अविधा, लक्षणा र व्यञ्जनाको सामान्य परिचय | | २ | |
| ४ | रस र नवरसको सोदाहरण परिचय | | ४ | |
| ५ | अलङ्कार परिचय (पाठ्यक्रमद्वारा निर्धारित मात्र) | | ३ | |
| ६ | छन्दको परिचय (पाठ्यक्रमद्वारा निर्धारित मात्र) | | ३ | |

यसरी उच्च माध्यमिक तह कक्षा ११ को ऐच्छिक नेपाली विषय “नेपाली गद्य, भाषा र साहित्य परिचय” को पाठ्यांशलाई ५ खण्डमा ५ वटै इकाइहरूमा विभाजन गरी एकाइगत उद्देश्य, पूर्णाङ्क र पाठ्यभार निर्धारण गरिएको पाइन्छ । यसरी इकाइगत रूपमा विधागत विभाजन र खण्डगत उद्देश्यको निर्धारणले पठन-पाठनलाई योजनाबद्ध बनाउन र शिक्षण सिकाइ पश्चात निर्धारित उद्देश्य कुन हदसम्म प्राप्त भयो ? भएन ? भनेर लेखाजोखा गर्न इकाइगत रूपमा विधाहरूको विभाजन ले ती निर्धारित पूर्णाङ्क र पाठ्यभार समेतलाई विचारगरी समयको वाड फाटगरी पठन-पाठनमा उचित समय व्यवस्थापन गर्न इकाइगत, विधागत र पाठगत योजना समेत निर्माणगरी योजनाबद्ध तरिकाले पठन-पाठनगरी निर्धारित समयमै विषवस्तुको समापन गर्न समेत सहयोग पुऱ्याएको देखिन्छ ।

भाषा पाठ्यक्रमको मर्म र अपेक्षाकै सेरोफेरोमा भाषा पाठ्य पुस्तक, शिक्षक निर्देशिका र अन्य सन्दर्भ स्रोत सामग्रीको निर्माण गरिने र त्यसमध्ये पनि शिक्षक निर्देशिका शिक्षकको शिक्षणीय कार्यकलापमा प्रत्यक्ष सहयोगी सामग्री हुने भएकोले अपेक्षाकृत रूपमा शिक्षक निर्देशिकाले समग्र शिक्षणीय कार्यकलापहरू जस्तैः शिक्षण सिकाइकार्यकलाप, शिक्षण सामग्रीको

प्रयोग तथा भाषिक मूल्याङ्नका साधनहरूलाई निर्धारित उद्देश्य मुताविक प्रष्ट रूपमा उल्लेख नगर्नु यसको कमजोर पक्ष मान्न सकिन्छ । जसले गर्दा अनुभवहीन तथा नव प्रवेशी भाषा शिक्षकहरूलाई शिक्षक निर्देशिकाको प्रयोगमा थोरै कठिनाइ हुने देखिन्छ । तथापि समग्रमा शिक्षक निर्देशिका हरेक भाषा शिक्षकलाई भाषा शिक्षण गर्न सहयोगी नै रहेको देखिन्छ ।

## ४.३ पाठ्यक्रम अनुरूप शिक्षक निर्देशिकाको विश्लेषण

पाठ्यक्रम शिक्षण सिकाइ क्रियाकलापको बृहत् योजना हो, जसलाई एउटा कलाकार को हातको औजारको रूपमा पनि लिइन्छ जुन औजारको सहायताले कलाकारले आफ्नो स्टुडियो भित्रका सामग्रीलाई आफ्नो इच्छानुसार परिवर्तन गराउँछ । पाठ्यक्रमले शिक्षण विधि, सामग्री मूल्याङ्कनका साधन लगायतका आवश्यक शिक्षणीय सुझ प्रदान गर्दछ तर उच्च माध्यमिक तह कक्षा ११ को ऐच्छिक नेपाली प्रथमको पाठ्यक्रममा ती सम्पूर्ण शिक्षणीय सुझहरू स्पष्ट नगरेको देखिन्छ । तर पाठ्यक्रमले पाठ्यांश परिचय, साधारण उद्देश्य र विशिष्ट उद्देश्य भने उल्लेख गरेको पाइन्छ । पाठ्यक्रममा १५० घण्टा पाठ्यभार निर्धारण गरिएको र पाठ्य विवरणहरूलाई पाँच खण्डमा अलग अलग रूपमा उल्लेख गरिएको पाइन्छ । पाठ्यक्रमको उक्त अभावलाई शिक्षक निर्देशिकाले भने स्पष्टसँग पुरा गरेको देखिन्छ । कक्षा ११ को इच्छाधीन नेपाली विषयको शिक्षक निर्देशिकाले पाठ्यक्रमले तय गरेको पाँच खण्ड सहित सन्दर्भ सूची र नमुना प्रश्न समेत दिएको पाइन्छ । त्यस्तै भाषा पाठ्यक्रमको अपेक्षा अनुरूप नै विधागत ( खण्डगत) उद्देश्य सहित कुन पाठलाई कसरी प्रस्तुत गर्ने र कुन पक्षलाई बढी महत्त्वदिने जस्ता शिक्षणीय विधि, सामग्री र मूल्याङ्कनका साधनहरू समेतको सुझ दिएको पाइन्छ । प्रवेशिका परीक्षा उत्तीर्ण गरी आएका विद्यार्थीहरूको पृष्ठभूमिलाई मध्य नजर गरी नेपाली भाषा र साहित्यतर्फ अभिमुख गराउने उद्देश्यका साथ शिक्षक निर्देशिकामा साहित्यका कथा, उपन्यास, निबन्ध र भाषा गरी विधागत मर्म अनुसार शिक्षणीय सुझहरूका साथै भाषिक मूल्याङ्कनको साधनबारे समेत स्पष्ट उल्लेख गरिएको पाइन्छ ।

## सारांश

शिक्षाको राष्ट्रिय उद्देश्य पुरा गर्ने हेतुले विभिन्न तहका तहगत उद्देश्यहरूको निर्धारण गरिन्छ र उक्त उद्देश्य पुरा गर्ने हिसाबले विषयगत उद्देश्यका साथ पाठ्यक्रम तय गरिन्छ र

पाठ्यक्रमको अपेक्षा अनुसार पाठ्य पुस्तक शिक्षक निर्देशिका लगायत अन्य सन्दर्भ तथा स्रोत सामग्रीहरूको निर्माण गरिन्छ । उच्च माध्यमिक तह पुरा गरेपछि ती विद्यार्थीहरू उच्च शिक्षाका लागि योग्य र मध्यम स्तरीय जनशक्तिका रूपमा रहने कुरा उच्च माध्यमिक तहको उद्देश्यमा स्पष्ट उल्लेख गरिएको पाइन्छ, त्यसर्थ उक्त मध्यम स्तरीय जनशक्ति निर्माण गर्न र नेपाली भाषा तथा साहित्यमा विशिष्टिकरण गर्न योग्य बनाउनकालागि कक्षा ११ को ऐच्छिक नेपाली प्रथमको पाठ्यक्रमले १५० घण्टा पाठ्यभार १०० पूर्णाङ्क निर्धारण गरिएको छ । जसमा नेपाली कथा, उपन्यास, निबन्नध, भाषा र साहित्य गरी पाँच खण्डमा आधारभूत ज्ञान र सिद्धान्तका साथ प्रस्तुत गरिएको पाइन्छ ।

# अध्याय पाँच

# शिक्षक प्रश्नावली मार्फत प्राप्त तथ्यको व्याख्या र विश्लेषण

प्रस्तुत अध्ययन उच्च माध्यमिक तहमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययनमा केन्द्रित रहेको छ । यस अध्ययनमा सप्तरी र काठमाडौं जिल्लाका १० वटा उ. मा. वि. का एक-एक जना शिक्षकसँग प्रश्नावली, अन्तवार्ता मार्फत तथ्याङक संकलन गरिएको छ ।

यसरी प्राप्त भएको तथ्याङ्कलाई सामान्य साङ्ख्यीकीय विश्लेषण गर्ने दृष्टिले व्यवस्थित रूपमा प्रतिशतमा जनाएर तथ्याङ्कलाई वस्तुगत बनाइएको छ । उक्त तथ्याङ्कलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८ (क)**

**१. विद्यालयमा शिक्षक निर्देशिकाको उपलब्धता छ ?**

| सप्तरी जिल्लामा | | काठमाडौं जिल्लमा | |
|---|---|---|---|
| छ | छैन | छ | छैन |
| ९०% | १०% | १००% | - |

विद्यालयहरूमा शिक्षक निर्देशिका भए नभएको प्रश्न गर्दा प्राय अधिकांश विद्यालयहरूमा निर्देशिका समयमै उपलब्ध हुने गरेको पाइयो । सप्तरीमा ९०% काठमाडौंमा १००% विद्यालयमा शिक्षक निर्देशिकाको उपलब्धता भएको तथ्य फेला पारियो ।

**२. शिक्षक निर्देशिकाको निर्देशन अनुसार दैनिक शिक्षण गर्नु हुन्छ ?**

| सप्तरी जिल्ला | | काठमाडौं जिल्ला | |
|---|---|---|---|
| छ | छैन | छ | छैन |
| ३५% | ६५% | ७५% | २५% |

सप्तरी जिल्लाका अधिकांश विद्यालयका शिक्षकहरूले शिक्षक निर्देशिका अनुसार शिक्षण गर्न झंझट मान्ने, केवल पाठ्य पुस्तककै मूलभूत पक्षलाई समातेर शिक्षण गर्ने गरेको पाइयो

जसमा ३५% ले मात्र दैनिक रूपमा निर्देशिकाको निर्देशन अनुसार शिक्षण गर्ने तर ६५% शिक्षकहरूले भने निर्देशिकाको निर्देशनलाई सामान्य रूपमा मात्र अबलम्बन गर्ने गरेका पाइयो । त्यस्तै काठमाडौँ जिल्लामा भने बहुसंख्यक ७५% शिक्षकहरू निर्देशिकाको निर्देशनलाई पालना गर्ने र २५% ले भने कहिलेकाहीँ मात्र हेर्ने गरेको पाइयो ।

**३. निर्देशिका पाठ्य पुस्तक अनुरूप तयार भएको छ ?**

**तालिका नं. ८ (ग)**

| सप्तरी जिल्ला | | काठमाडौँ जिल्ला | |
|---|---|---|---|
| सकारात्मक | नकारात्मक | सकारात्मक | नकारात्मक |
| १००% | - | ८५% | १५% |

निर्देशिका पाठ्य पुस्तक अनुरूप र पाठ्यक्रमको उद्देश्य मुताविक नै निर्माण गरिएको छ भन्नेमा सप्तरी जिल्लाका १००% शिक्षकहरू सहमत देखिन्छन् भने काठमाण्डौं जिल्लामा भने ८५% शिक्षकहरूले मात्र सहमति जनाए भने १५% ले मात्र असहमति जनाए । यसरी हेर्दा शिक्षक निर्देशिका पाठ्य पुस्तक अनुरूप नै निर्माण गरिएको छ भन्ने कुरा पुष्टि हुन्छ ।

**४. प्रभावकारी शिक्षणका लागि निर्देशिका आवश्यक छ ?**

| सप्तरी जिल्ला | | काठमाडौँ जिल्ला | |
|---|---|---|---|
| सकारात्मक | नकारात्मक | सकारात्मक | नकारात्मक |
| ८५% | १५% | ९०% | १०% |

प्रभावकारी रूपमा भाषा शिक्षणका लागि निर्देशिकाले सहयोगी भूमिका निर्बाह गर्ने कुरामा सप्तरी जिल्लामा ८५ % र काठमाडौँ जिल्लाका ९०% शिक्षकहरू सहमत रहेको देखिन्छ । त्यसमा पनि नव आगन्तुक शिक्षकहरूको सहमति धेरै देखियो । त्यस्तै पुरातनवादी सोच भएका सप्तरीका १५ % र काठमाडौँका १०% शिक्षकहरूले भने निर्देशिकाको आवश्यकताप्रति असहमति जनाइएको पाइयो । उक्त प्रतिशतलाई हेर्दा निर्देशिकाले प्रभावकारी शिक्षणमा सहयोग पुऱ्याउँछ भन्ने कुरा पुष्टि हुन्छ ।

५. **निर्देशिकाको निर्देशन अनुसार क्रियाकलाप र भाषिक मूल्याङ्कनका साधनहरूको प्रयोग गर्नु हुन्छ ?**

**तालिका नं. ८ (ङ)**

| सप्तरी जिल्ला | | काठमाडौँ जिल्ला | |
|---|---|---|---|
| सकारात्मक | नकारात्मक | सकारात्मक | नकारात्मक |
| ३०% | ७०% | ५५% | ४५% |

निर्देशिकाले दिएको सुझाव अनुसारकै भाषिक क्रियाकलाप गर्न ज्यादै झन्झटिलो, साधन स्रोतको अपर्याप्तता र सहज वातावरणको अभाव त्यस्तै विद्यालयको असहयोगको कारण सप्तरी जिल्लाका ७०% शिक्षकहरूले यस प्रश्नमा असहमति जनाए भने ३०% शिक्षकहरूले भने उक्त निर्देशनलाई अबलम्बन गरेको बताए । त्यस्तै काठमाडौँ जिल्लामा भने ५५% शिक्षकहरूले निर्देशन अनुसारको क्रियाकलाप गरेको तर ४५% ले भने नगरेको व्यहोरा जनाए ।

६. **निर्देशिकामा दिइएका क्रियाकलापहरू पर्याप्त छन् ।**

**तालिका नं. ८ (च)**

| सप्तरी जिल्ला | | काठमाडौँ जिल्ला | |
|---|---|---|---|
| सकारात्मक | नकारात्मक | सकारात्मक | नकारात्मक |
| १००% | - | ९०% | १०% |

शिक्षक निर्देशिकामा दिइएका क्रियाकलापहरू पर्याप्त छन् भन्ने सवालमा सप्तरी १००% शिक्षकहरू सहमत छन् भने काठमाडौँका ९०% शिक्षकहरू मात्र सहमत देखिन्छन् र १०% शिक्षकहरू निर्देशिकामा व्यावहारिक क्रियाकलापहरू थप गर्नु पर्ने धारणा राख्दछन् ।

७. **पाठ्यक्रम र पाठ्य पुस्तकलाई सफल बनाउन निर्देशिकाले सहयोग गरेको छ ?**

| सप्तरी जिल्लामा | | काठमाडौँ जिल्लामा | |
|---|---|---|---|
| सकारात्मक | नकारात्मक | सकारात्मक | नकारात्मक |
| १००% | - | ८५% | १५% |

माथिको प्रश्न शिक्षक समक्ष राख्दा सप्तरीका १००% र काठमाडौँका ८५% शिक्षकहरूले निर्देशिकाले पाठ्यक्रम र पाठ्य पुस्तकलाई सफल बनाउन सकारात्मक भूमिका निर्वाह गरेको छ भन्ने धारणा राखे भने काठमाडौँ १५% शिक्षकहरूले निर्देशिकाले पूर्ण सहयोग नगर्ने धारणा व्यक्त गरे ।

**८ भाषाका चारै सिप शिक्षणका लागि निर्देशिका उपयोगी छ ?**

**तालिका नं. ८ (ज)**

| सप्तरी जिल्ला | | काठमाडौँ जिल्ला | |
|---|---|---|---|
| सकारात्मक | नकारात्मक | सकारात्मक | नकारात्मक |
| ८५% | १५% | ५५% | ४५% |

भाषा शिक्षणका हरेक सामग्रीको ध्येय भाषिक सिपहरूसँग समबन्धित भएका भाषाकै सिप विकासतर्फ उन्मुख रहन्छ । ती भाषिक सिपहरूको शिक्षण गर्न निर्देशिकाले सहयोग गरेको छ त ? भन्ने प्रश्नावलीमा सप्तरीका ८५% र काठमाडौँका ५५% शिक्षकहरूले सकारात्मक धारणा व्यक्त गरे भने सप्तरीका १५% र काठमाडौँका ४५% शिक्षकहरूले नकारात्मक धारणा व्यक्त गरे ।

**९. भाषिक मूल्याङ्कनका साधनहरूको (लिखित/अलिखित) उपयुक्त सुझ निर्देशिकाले दिएको छ ?**

**तालिका नं. (झ)**

| सप्तरी जिल्ला | | काठमाडौँ जिल्ला | |
|---|---|---|---|
| सकारात्मक | नकारात्मक | सकारात्मक | नकारात्मक |
| २५% | ७५% | ४५% | ५५% |

शिक्षक निर्देशिकाले भाषिक मूल्याङ्कनको साधनहरूको स्पष्ट किटानी नगरे पनि विधा अनुसारकै भाषिक सिपहरू परीक्षण गर्न सकिने राय सहित सकारात्मक धारणा राख्नेहरूमा सप्तरीका २५% र काठमाडौँका ४५% शिक्षकहरू भेटिए भने शिक्षक निर्देशिकाले भाषा शिक्षणको सुझका साथै भाषिक मूल्याङ्कनका साधनहरू बारे पनि स्पष्ट किटानी दिइनु

पर्छ तर हालको निर्देशिकाले त्यसबारे कुनै स्पष्ट किटानी नदिएको भन्दै सप्तरीका ७५% र काठमाडौँका ५५% शिक्षकहरूले नकारात्मक धारणा राखे यसबाट स्पष्ट हुन्छ कि शिक्षक निर्देशिकाले भाषा शिक्षणका साथै भाषिक मूल्याङ्कनका साधनहरूबारे समेत स्पष्ट उल्लेख गरिनु आवश्यक छ ।

**१०. शिक्षक निर्देशिकाको प्रयोगबिना पनि शिक्षण प्रभावकारी हुन्छ ?**

**तालिका नं. ८** (त्र)

| सप्तरी जिल्ला | | काठमाडौँ जिल्ला | |
|---|---|---|---|
| सकारात्मक | नकारात्मक | सकारात्मक | नकारात्मक |
| ८५% | १५% | ५०% | ५०% |

शिक्षक निर्देशिकाको प्रयोगविना पनि शिक्षण प्रभाकारी हुन्छ भन्ने सन्दर्भमा सप्तरीका ८५% र काठमाडौँका ५०% शिक्षकहरूले सकारात्मक धारणा व्यक्त गरे भने । सप्तरकि १५% र काठमाडौँका ५०% शिक्षकहरूले नकारात्मक धारणा व्यक्त गरे । शिक्षक निर्देशिका विना नै शिक्षण सिकाइ क्रियाकलाप संचालन गरिरहेका शिक्षकहरूमा निर्देशिकाको सुझ बुझमा कमी रहेको र निर्देशिकाको प्रयोग प्रभाकारीताबारे नै अनभिज्ञ रहेका देखिन्छन् । सैद्धान्तिक रूपमा निर्देशिकाको महत्त्व स्वीकार गरे तापनि व्यावहारिक रूपमा निर्देशिका न्यून मात्रामा प्रयोग हुने गरेको पाइन्छ । निर्देशिका शिक्षकको असल मित्र हो । नव प्रवेशी, अनुभवी सवै प्रकारका शिक्षहरूलाई सधैं निर्देशिकाले शिक्षणीय कला, कौशल र सुझ प्रदान गरी पेसागत दक्षता अभिवृद्धि गराउनुका साथै शिक्षाको अपेक्षित उद्देश्य समयमै प्राप्त गर्न समेत सघाउ पुऱ्याउँछ तर उक्त महत्त्व नबुझेर अनि बुझेर पनि मिहिनेत गर्न नचाहेर दुबै कारणले गर्दा निर्देशिकाको प्रयोग प्रभावकारिता न्यून रहेको पाइन्छ ।

यसै क्रममा के विद्यालयमा निर्देशिका उपलब्ध छ भन्ने प्रश्न गर्दा छ भन्ने जवाफ अधिकांश विद्यालय शिक्षकहरूको थियो तर निर्देशिका प्रयोग विहीन अवस्थामा रहेको पाइन्छ । त्यसै गरी शिक्षक निर्देशिकाले दिएका सुझहरूलाई बेवास्ता गरी शिक्षकहरू आफ्नै पुरानै ढर्रामा भाषा शिक्षण गरी रहेका र सुगा रटाइमा व्यस्त देखिन्छन् । शिक्षाको राष्ट्रिय, तहगत र विषयगत उद्देश्य मुताविक विभिन्न विषयगत पाठ्यक्रम, पाठ्य पुस्तक र सो अनुसारकै शिक्षक

निर्देशिकाको निर्माण गरिन्छ । शिक्षककै लागि निर्माण गरिएका निर्देशिकाको महत्त्व शिक्षकले नै नबुझि रहेको र बुझेर पनि प्रयोग नगरिएको अवस्था धेरै विद्यालय शिक्षकहरूमा पाइन्छ ।

प्रभावकारी भाषा शिषणका लागि निर्देशिकाले असल मार्ग निर्देशन गरे तापनि तिनको प्रयोगको कमीले नेपाली भाषा शिक्षणमा आधुनिकता आउन सकेको देखिदैन । त्यस्तै अंग्रेजी भाषाको तुलनामा नेपाली भाषा शिक्षणलाई महत्त्व नदिइनु र भाषिक मूल्याङ्कनमा लिखित साधनहरू बाहेकका अन्य साधनहरूको प्रयोग प्राय शून्य रहेको अवस्था देखिन्छ । भाषा प्रयोगिक विषय भएर पनि मूलतः सैद्धान्तिक रूपमा यसका क्रियाकलापहरू अघि बढरिहेको पाइन्छ । त्यस्तै अधिकांश तालिम प्राप्त र सुझबुझ भएका शिक्षकहरूमा समेत शिक्षक निर्देशिका प्रयोग गरी शिक्षणलाई प्रभावकारी बनाउने कार्यमा कन्जुस्याइँ गरिएको पाइन्छ ।

उच्च माध्यमिक तहको कक्षा ११ को ऐच्छिक नेपाली विषयको पाठ्यक्रम अनुरूपका पाठ्य पुस्तक र पाठ्य पुस्तकको उद्देश्य र मर्म अनुरूपका शिक्षक निर्देशिका निर्माणं भएका छन् यद्यपि निर्देशिकाले नव प्रवेशी र अनुभवहीन शिक्षकका लागि आवश्यक पर्ने शिक्षण विधि, सामग्री र मूल्याङ्कनका साधनहरूको स्पष्ट किटानी नगर्दा निर्देशिकाको धर्म पुरा नभएको आभास हुन्छ ।

## सारांश

शिक्षक निर्देशिका शिक्षकको असल र सहयोगी मित्र हो । निर्देशिकाले शिक्ष्णलाई योजना बद्ध र उद्देश्य उन्मुख बनाउँछ तर अधिकांश तालिम प्राप्त र अनुभवी शिक्षकहरूको अल्छ्याइँ अनि विद्यालय प्रशासक, निरीक्षक, व्यवस्थापक लगायत सम्बद्ध व्यक्ति तथा निकायको मौनता नै निर्देशिका प्रयोगमा कमी आउनुको प्रमुख कारण देखिन्छ । यद्यपि अधिकांश शिक्षकहरू निर्देशिकाको प्रयोग र आवश्यकताप्रति सकारात्मक नै देखिन्छन् ।

# अध्याय छ

# उपसंहार

## ६.१ निष्कर्ष

उच्च माध्यामिक तहमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययनको सुरुवातदेखि अन्तिम अवस्थासम्ममा अध्ययनमा पाठ्यक्रम र पाठ्य पुस्तक बिचको सम्वन्ध, पाठ्य पुस्तक र शिक्षक निर्देशिका बिचको सम्बन्धको अध्ययनका साथै शिक्षक निर्देशिकाको परिचय, प्रयोग र प्रभावकारितालाई मुख्य प्राथमिकताका साथ अध्ययन गरिएको छ । शिक्षाको राष्ट्रिय उद्देश्य, राष्ट्रिय उद्देश्य अनुसारका तहगत र विषयगत उद्देश्य र विषयगत उद्देश्य मुताविकका पाठ्यक्रम तथा पाठ्य पुस्तक र शिक्षक निर्देशिकाको महत्त्व तथा भूमिकाका सम्वन्धमा अध्ययन गरिएको छ ।

शिक्षक निर्देशिका शिक्षकका लागि एक असल र सहयोगी मित्रको रूपमा रहेको हुन्छ । नव प्रवेशी, अनुभवी सवै शिक्षकलाई सधैँका लागि निर्देशिकाले शिक्षणीय सुझका साथै पेसागत ज्ञान, सिपको अभिवृद्धिमा सकारात्मक भूमिका निर्वाह गरेको हुन्छ । निर्देशिकामा पाठ्यक्रमका उद्देश्य, पाठ्य पुस्तकको मर्मलाई ध्यानमा राखेर विधागत उद्देश्य अनुसार शिक्षणीय सुझ र तौर तरिका उल्लेख गरिएको हुन्छ । भाषा विषय मूलत भाषिक सिपहरूको विकासतर्फ उन्मुख हुनु पर्दछ भने भाषा सम्बद्ध पाठ्य पुस्तक, शिक्षक निर्देशिका तिनकै सहयोगी साधनका रूपमा रहेको हुन्छ । उच्च माध्यामिक तह कक्षा -११ को शिक्षक निर्देशिकाको प्रयोग प्रभावकारिता सम्बन्धी प्रस्तुत अध्ययनमा निर्देशिकाले पाठ्यक्रमको उद्देश्य पुरा गर्ने हेतुले पाठ्य पुस्तकमा भएका विधाहरूलाई खण्डगत रूपमा उद्देश्य सहित प्रस्तुत गरेको पाइन्छ । त्यस्तै निर्देशिकाले विद्यार्थीको भाषिक पृष्ठभूमिलाई समेत ख्याल गरेर नेपाली भाषा र साहित्यको परिचय, परिभाषा सिकाउदै भाषा र साहित्यतर्फ उन्मुख गराउन साहयोगी भूमिका निर्वाह गरेको पाइन्छ ।

निर्देशिका आफैँमा साध्य होइन तर भाषिक सिपहरूको गन्तव्यतर्फ डोऱ्याउने भरपर्दो साधन हो । यस अध्ययनमा निर्देशिकाले कुन विधालाई कसरी प्रस्तुत गर्ने र शिक्षण

पश्चात्को मूल्याङकनका साधन र तरिका कस्तो हुने भन्ने कुरा स्पष्ट गरेको देखिन्छ । साथै निर्देशिकाले विधागत रूपमा उद्देश्यहरू समेत स्पष्ट गरेको हुदा शिक्षकलाई आपनो शिक्षण योजनाबद्ध र उद्देश्योन्मुख गराउन सहयोग मिलेको पाइन्छ ।  जसले पाठ्क्रमको उद्देश्य पुरा गर्न सहयोग पुऱ्याएको देखिन्छ ।

निर्देशिका सहयोगी मित्र हुँदाहुँदै पनि शिक्षककहरूको बेवास्ता र अल्छ्याइँले निर्देशिकाको प्रयोगमा कमी देखिन्छ । यद्यपि लगनशील र जिज्ञासु शिक्षकहरूले भने निर्देशिकावाट मनग्गै लाभ उठाएको देखियो । तुलनात्मक रूपमा ग्रामीण भेगका शिक्ष्कहरूमा भन्दा काठमाण्डौका शिक्षकहरूमा निर्देशिकाको प्रयोग बढी भएको पाइयो । त्यस्तै विद्यालयको वातावरण र विद्यालय व्यवस्थापन तथा निरीक्षण प्रणालीले समेत निर्देशिका प्रयोगमा प्रत्यक्ष प्रभाव पारेको देखियो । नव प्रवेशी र अनुभव नभएका शिक्षकहरूको अज्ञानता र तालिम प्राप्त तथा अनुभवी शिक्षकहरूको बेवास्ता नै निर्देशिका प्रयोगमा कमी आउनुको प्रमुख कारण रहेको देखिन्छ भने निर्देशिकाको उपलब्धता र प्रयोग प्रभावकारिता सम्वन्धी अनुगमन, निरीक्षण र व्यवस्थापन पक्षको समेत अहम भूमिका रहने कुराको निष्कर्ष दिइन्छ ।

शिक्षक निर्देशिकाको प्रयोग प्रभावकार्िरता सम्वन्धी यस अध्ययनको सिलसिलामा देखिएका सर्बल दुर्बल पक्षहरूलाई देहाय वमोजिम उल्लेख गरिएको छ ।

## ६.२ सबल पक्षहरू

१. पाठ्यक्रम अनुरूप पाठ्यभार र पूर्णाङ्क दिइनाले निर्देशिकाले शिक्षकलाई मार्ग निर्देशन गरेको छ,

२. पाठ योजना, एकाइ योजना निर्माण गरी योजनाबद्ध शिक्षणमा सहयोग पुग्न सक्ने देखिन्छ,

३. तालिम अप्राप्त र नव प्रवेशी शिक्षकलाई समेत सहयोग पुगेको छ,

४. विधागत विभाजन र उद्देश्य निर्धारणले शिक्षण उद्देश्यमूलक भएको छ,

५. साधारण उद्देश्य र विशिष्ट र उद्देश्यको स्पष्टताले शिक्षकलाई अन्योल नहुने देखिन्छ,

६. पाठ्य पुस्तकको अभावको समयमा समेत निर्देशिकावाट काम चलाउन सकिने हुन्छ,

७. भाषिक सिपहरूको विकास र साहित्य उन्मुख निर्देशिका पाठ्यक्रमको उद्देश्य पुरा गर्न सहयोगी भएको छ,

८. तालिम प्राप्त शिक्षकहरूको पेसागत अभिवृद्धिमा सहयोगी पाइन्छ,

९. तहगत उद्देश्य पुरा गर्न सहयोगी भएको छ,

१०. योजनाबद्ध, उद्देश्यमूलक र समयबद्ध शिक्षणमा टेवा दिएको छ,

११. भाषा शिक्षणलाई सरल, सहज र सिपउन्मुख गराउन सक्ने देखिन्छ ।

## ६.३ दुर्बल पक्ष

१. शिक्षण विधि, साधन र मूल्याङ्कनका साधनहरूको किटान गरिएको छैन,

२. भाषिक मूल्याङ्कनका अलिखित साधनहरूको विषयमा मौन रहेको छ,

३. तुलनात्मक रूपमा ग्रामीण भेगका शिक्षकहरूले सहरी क्षेत्रका शिक्षकहरूभन्दा कम निर्देशिकाको प्रयोग कम गरेका छन्,

४. स्थानीय स्रोतहरूलाई शिक्षणीय सामग्रीको रूपमा प्रयोग गर्ने सुझहरू दिइएको छैन,

५. विद्यार्थीहरूको विविधतालाई ध्यान दिइएको छैन,

६. विशेष शिक्षणमा निर्देशिका मौना रहेको छ,

७. सिर्जनात्मक भाषिक क्रियाकलाप प्रति निर्देशिका बेवास्ता गरेको छ,

८. आधुनिक भाषा शिक्षण विधि, सामग्री र मूल्याङकनका साधनहरूको प्रयोगप्रति निर्देशिकाको अद्यावधिकतामा कमी रहेको छ,

## ६.४ सुझावहरू

शिक्षक विर्देशिकालाई पाठ्यक्रम, पाठ्य पुस्तक अनुरूपताका आधारमा अध्ययन गरी प्रयोग प्रभावकारिताका सम्वन्धमा शिक्षकहरूसँग गरिएको प्रश्नावली, मतावली वाट प्राप्त तथ्यका आधारमा यसका सबल पक्ष र दुर्बल पक्षको पहिचानपछि देहाय बमोजिम सुझाबहरू दिन सकिन्छ ।

१. शिक्षकहरूलाई छुट्टै निर्देशन दिने खालका स्तम्भ समावेश गरिनु पर्छ ।

२. निर्देशिकामा विधागत शिक्षण विधि सामग्री र मूल्याङ्कनका साधनहरूबारे स्पष्ट निर्देशन दिइनु पर्दछ ।

३. निर्देशिकाले समाहित शिक्षण, बालमैत्रीपूर्ण कक्षकोठा व्यवस्थापनको सुझ दिइनु पर्छ ।

४. नेपालको भाषिक विविधतालाई समेट्ने खालका भाषा शिक्षण प्रविधिको सूचना दिइनु पर्छ ।

५. निर्देशिका सहज रूपमा प्राप्त गर्न सकिने बनाउनु पर्दछ ।

६. निर्देशिकाको कागज गुणस्तरीय बनाउनु पर्छ ।

७. निर्देशिकामा स्थानीय साधन स्रोतलाई पचािलन गर्ने तौर तरिकाहरू दिइनु पर्छ ।

८. निर्देशिकाको बाह्य आवरण रङ्गीन, आकर्षक र लोगो सहितको बनाइनु पर्छ ।

९. भाषा शिक्षणका व्यावहारिक पक्षहरूलाई समेटिनु पर्छ ।

१०. भाषिक मूल्याङ्कनका अलिखित साधनहरूको प्रयोगमा प्रोत्साहन दिइनु पर्दछ ।

११. भाषिक सिप सम्बद्ध, पाठ्यक्रमको उद्देश्य पुरा गर्ने खालका नमुना प्रश्नपत्रहरू समावेश गरिनु पर्दछ ।

१२. पर्याप्त साहित्यको अभ्यासमा जोड दिइनु पर्छ ।

## ६.५ भावी अध्ययनका लागि सम्भावित शीर्षकहरू

१. पाठ्यक्रम, पाठ्य पुस्तक अनुरूप शिक्षक निर्देशिकाको अध्ययन

२. प्रभावकारी शिक्षणका लागि शिक्षक निर्देशिकाको भूमिका सम्बन्धी अध्ययन

३. भाषिक मूल्याङ्कनमा शिक्षक निर्देशिकाको भूमिका सम्बन्धी अध्ययन

४. योजनाबद्ध र उद्देश्य मूलक भाषा शिक्षणमा निर्देशिकाको भूमिका सम्बन्धी अध्ययन

५. भाषा शिक्षण विधि, शैक्षिक सामग्रीको छनोट र भाषिक मूल्याङ्कनका साधनहरू निर्धारणमा शिक्षक निर्देशिकाको भूमिका सम्बन्धी अध्ययन

# सन्दर्भ सूची


१. अधिकारी, विष्णु प्रसाद (२०६०), **माध्यामिक तह अध्ययन अनुमति पत्र परीक्षा दर्पण**, काठमाडौं : आशिष पुस्तक भण्डार

२. अधिकारी, विष्णु प्रसाद (२०६५/६६) **शिक्षाशास्त्र र नेपालमा शिक्षा** काठमाडौं : आशिष बुक्स हाउस प्रा. लि

३. अधिकारी, हेमाङ्ग राज र अन्यः **नेपाली शिक्षण,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६३

४. अधिकारी अधिकारी, हेमाङ्गराज र अन्यः **नेपाली शिक्षक निर्देशिका कक्षा ८,** भक्तपुर : पाठ्यक्रम विकासकेन्द्र, २०६१

५. अधिकारी, हेमाङ्गराज, र केदारप्रसाद शर्मा; **प्रारम्भिक नेपाली शिक्षण** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०५८

६. उच्च माध्यामिक शिक्षा परिषद : **पाठ्यक्रम, ऐच्छिक नेपाली प्रथम कक्षा ११** (२०६५)

७. ढुङ्गेल, भोजराज र दुर्गा प्रसाद दाहाल **भाषा पाठ्यक्रम पाठ्य पुस्तक तथा शिक्षण पद्धति** काठमाडौं : एम के. पब्लिरार्स एण्ड डिष्ट्रीव्युटर्स (२०५८)

८. न्यौपाने, महेश्वर, (२०६५) **शिक्षण निर्देशिका इच्छाधीन नेपाली कक्षा ११,** उच्च माध्यामिक शिक्षा परिषद ।

९. बन्धु, चूडामणि, **अनुसन्धान तथा प्रतिवेदन लेखन,** काठमाडौंः रत्न पुस्तक भण्डार, २०५२ ।

१०. भट्टराई, रमेश र अन्य, (२०६३) **नेपाली भाषा शिक्षणः सक्षमतामा आधारित नि.मा.वि. तथा मा. वि. शिक्षक तालिम प्रशिक्षक निर्देशिका,** भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र,

११. भण्डारी, पारस मणि, **स्नातकोत्तर नेपाली शोध विवरण,** काठमाडौं : न्यू हिरा बुक्स इन्टर प्राइजेज, २०६३ ।

१२. लम्साल,रामचन्द्र र अन्य; **नेपाली भाषा शिक्षण,** काठमाडौं : भुँडीपुराण प्रकाशन, २०६२ ।

१३. लम्साल, रामचन्द्र र अन्य, **भाषा पाठ्यक्रम तथा शिक्षण पद्धति,** काठमाडौं : भुँडीपुराण प्रकाशन , २०६३ ।

१४. लामिछाने, यादव प्रसाद, (२०५८) **नेपाली भाषा शिक्षण परिचय,** काठमाडौँ : साझा प्रकाशन ।

१५ शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल, (२०६०) **नेपाली भाषा र साहित्य शिक्षण,** काठमाडौँ : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

## शोधपत्र

अधिकारी, केशवती (२०६४), **निम्न माध्यामिक तह कक्षा ८ को शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय त्रि. वि. ।

आचार्य, रामजी (२०६३), **माध्यामिक तहमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय त्रि. वि. ।

गौतम, रमनकुमार (२०६४), **प्राथमिक तह कक्षा ५ मा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्वन्धी अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय त्रि. वि. ।

नेपाल, रोमराज (२०६६), **उच्च माध्यमिक तहमा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन**, सम्बन्धी अध्ययन अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय त्रि. वि. ।

भुसाल, निमानन्द (२०५९), **अर्धखाँचीका मा. वि. तह नेपाली शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगको वर्तमान स्थिति**, शिक्षाशास्त्र सङ्काय त्रि. वि. ।

मैनाली, रोम प्रसाद (२०६६), **कक्षा ३ मा शिक्षक निर्देशिकाको प्रयोगको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय त्रि. वि. ।

# परिशिष्ट-१

## शिक्षक प्रश्नावली फारम

## शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग

## त्रि.वि कीर्तिपुर

विद्यालयको नाम/ठेगाना: मितिः

शिक्षकको नामः कक्षाः

(तपाईँलाई सोधिएका प्रश्नहरू शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता अध्ययन सम्बन्धी एम. एड तहको शोध प्रयोजनका लागि मात्र तयार पारिएका हुन् । सो प्रयोजनकालागि तपाईँले वास्तविक तथ्यहरू उपलब्ध गराइ दिन हुन विनम्र अनुरोध गर्दछु ।)

शोधार्थी : धन बहादुर पुलामी

खण्ड 'क'

तलका भनाइमा ठिक लागेमा (✓) र बेठिक भए(✕) चिन्ह लगाउनुहोस्

१. विद्यालयमा शिक्षक निर्देशिकाको उपलब्धता छ ?

२. शिक्षक निर्देशिकाको निर्देशन अनुसार शिक्षण गर्नु भएको छ ?

३. निर्देशिका पाठ्य पुस्तक अनुरूप तयार भएको छ ?

४. प्रभावकारी शिक्षण सिकाइका लागि निर्देशिका आवश्यक छ ?

५. निर्देशिकाको निर्देशन अनुसार क्रियाकलाप र भाषिक मूल्याङ्कनका साधनहरूको प्रयोग गर्नु भएको छ ?

६. निर्देशिकामा दिइएका क्रियाकलापहरू पर्याप्त छन् ?

७. पाठ्यक्रम र पाठ्य पुस्तकलाई सफल वनाउन निर्देशिकाले सहयोग गरेको छ ?

८. भाषाका चारै सिप शिक्षणका लागि निर्देशिका उपयोगी छ ?

९. भाषिक मूल्याङ्कनका साधनहरूको (लिखित/अलिखित) उपयुक्त सुझ निर्देशिकाले दिएको छ ?

१०. शिक्षक निर्देशिकाको प्रयोगविना पनि शिक्षण प्रभावकारी हुन्छ ?

## खण्ड 'ख'

## अति छोटो उत्तर दिनुहोस्

१) शिक्षक निर्देशिका विद्यालयमा उपलब्ध छ ?

....................................................................................................................

....................................................................................................................

२) दैनिक शिक्षण गर्दा निर्देशिकाको सहयोग लिन हुन्छ ?

....................................................................................................................

...................................................................................................................

३) योजना बद्ध, उद्देश्य मूलक शिक्षणमा निर्देशिका सहयोगीका रूपमा छ ?

....................................................................................................................

...................................................................................................................

४) निर्देशिका अनुसार पाठ्यांश पुरा गर्न सजिलो छ ?

....................................................................................................................

...................................................................................................................

५) निर्देशिकाको प्रयोग गर्न कतैबाट हौसला पाउनु भएको छ ?

....................................................................................................................

....................................................................................................................

६) कक्षा ११ को ऐच्छिक नेपालीको शिक्षक निर्देशिकामा कुनै कमी कमजोरी पाउनु भएको छ ?

....................................................................................................................

....................................................................................................................

शैक्षिक योग्याताः

तालिमः प्राप्त अप्राप्त

तालिम अवधिः

शिक्षण अनुभव वर्ष

नियुक्तिको किसिम स्थायी अस्थायी

करार

............................

हस्ताक्षर

# परिशिष्ट-२

## प्रश्नावली तथा मतावली संकलन गरिएको विद्यालय तथा शिक्षकहरूको नामावली

### काठमाडौं“

| क. स. | विद्यालयको नाम | शिक्षकको नाम | कैफियत |
|---|---|---|---|
| १ | श्री सैनिक शिक्षण पक्ष छाउनी | युगल प्रसाद बसेल | |
| २ | ज्ञान मन्दिर उ. मा. वि. | बाबुराम बराल | |
| ३ | चार्ल्स डार्विन एकेडेमी | शृङ्खला भट्टराई | |
| ४ | बुद्ध प्रभात एकेडेमी | गोपाल प्रसाद सुवेदी | |
| ५ | कामना उ. मा. वि. | रमेश श्रेष्ठ | |

### सप्तरी

| क.स. | विद्यालयको नाम | शिक्षकको नाम | कैफियत |
|---|---|---|---|
| १ | श्री ज.उ.मा.वि. शिशुवारी | प्रकाश चन्द्र दास | सरकारी |
| २ | श्री मशीलाल उ. मा. वि. | श्रीमती चन्द्रकला खनाल | |
| ३ | श्री जन प्रभात उ. मा. वि. | सत्य नारायण चौधरी | |
| ४ | | | |
| ५ | | | |

# व्यक्तिगत विवरण

| | | |
|---|---|---|
| नाम | : | धन बहादुर पुलामी |
| ठेगाना | : | हर्दिया-५ सप्तरी |
| जन्म मिति | : | २०३८-११-०५ |
| बुबा आमाको नाम | : | सन्त बहादुर पुलामी, विष्णुमाया पुलामी |
| शैक्षिक योग्यता | : | एम. एड. (नेपाली) |
| पेसा | : | निजामती सेवा |
| १. एस.एल.सी. | : | श्री ज. मा. वि. शिशुवारी सप्तरी |
| २. प्रवीणता प्रमाणपत्र | : | श्री जे. एस. मुरारका  ब. क्या. लहान, सिरहा |
| ३. स्नातक | : | श्री सू. स. मो. या. ब. क्या. सिरहा |
| ४. स्नातकोत्तर | : | विश्व विद्यालय क्याम्पस, कीर्तिपुर काठमाण्डौं |
| ५. सम्पर्क फोन नं. | : | ९८४९७७२७१६ |